# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २५४ | काठमाडौं | शनिबार, ३० पुस २०७९ | Prabhab National Daily | Saturday, January 14, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

## पाँच महिनामा भित्रियो ४ खर्ब ८० अर्ब रेमिट्यान्स




■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको पाँच महिनामा चार खर्ब ८० अर्ब ५० करोड रूपैयाँ बराबरको विप्रेषण (रेमिटचान्स) भित्रिएको छ । यो वैदेशिक रोजगारीमा गएका नेपालीहरूले गत मंसिर मसान्तसम्म वैधानिक माध्यमबाट पठाएको रकम हो ।

### कुन महिनामा कति ?

- साउन : ९२ अर्ब २१ करोड
- भदौ : ९४ अर्ब ८३ करोड
- असोज : ९४ अर्ब १ करोड
- कात्तिक : ९६ अर्ब ९९ करोड
- मंसिर : १०२ अर्ब ४६ करोड

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आवको पाँच महिनाको विवरणअनुसार समीक्षा अवधिमा विप्रेषण आप्रवाह २३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ६.३ प्रतिशतले घटेको थियो ।

मंसिर महिनामा मात्रै एक खर्ब दुई अर्ब ४६ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ । यो चालु आवको पाँच महिनायताकै सबैभन्दा धेरै हो । चालु आवको सुरुदेखि नै रेमिटचान्स भित्रिने क्रम बढेको थियो । चालु आवको पहिलो महिना साउनमा ९२ अर्ब २१ करोड रूपैयाँ भित्रिएको थियो । भदौमा यस्तो रकम बढेर ९४ अर्ब ८३ करोड रूपैयाँ पुगे पनि असोजमा केही घटेको थियो । असोज महिनामा ९४ अर्ब एक करोड रूपैयाँ भित्रिएको तथ्यांक छ । कात्तिकमा पुन: बढेर ९६ अर्ब ९९ करोड पुगेको थियो ।

मंसिर महिनामा अमेरिकी डलरतर्फको विप्रेषण आप्रवाह पनि १३.१ प्रतिशतले बढेको छ । उक्त अवधिमा यस्तो रकम तीन अर्ब ७१ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ६.८ प्रतिशतले घटेको थियो ।

पछिल्लो समय लगातार रेमिटचान्स भित्रिने क्रम बढ्दा मुलुकको अर्थतन्त्रमा ठूलो राहत पुगेको छ । मुलुकको अर्थतन्त्रमा प्रमुख हिस्सा ओगट्ने रेमिटचान्स घटबढ हुँदा समग्र अर्थतन्त्रलाई प्रभावित पार्ने गर्दछ । अघिल्लो वर्ष रेमिटचान्स घट्दा मुलुकको विदेशी मुद्रा सञ्चितिमा ठूलो गिरावट देखिएको थियो । रेमिटचान्स बढ्न थालेपछि विदेशी मुद्रा सञ्चितिमा सुधार आएको छ । जसले समस्यामा रहेको अर्थतन्त्र सुधारमा योगदान पुऱ्याउने सरोकारवाला अधिकारीहरूको भनाइ छ ।

सरकारले रेमिटचान्स बढाउन विदेशमा रहेका नेपालीहरूका लागि विभिन्न कार्यक्रम ल्याएको थियो । हुण्डीलगायत अवैधानिक च्यानलबाट भित्रिने रकम रोक्न पनि सरकारले कडाइ गर्दै आएको छ । पछिल्लो समय वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या बढ्दै गएकाले पनि रेमिटचान्सको आकार बढ्दै गएको जानकारहरू बताउँछन् । नेपालमा खाडी मुलुकहरू र मलेसियाबाट सबैभन्दा बढी रेमिटचान्स भित्रिँदै आएको तथ्यांक छ । ती मुलुक नेपालीहरूको प्रमुख रोजगार गन्तव्यका रूपमा रहेका छन् ।

# सुधारतर्फ अर्थतन्त्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको अर्थतन्त्रमा सुधारको संकेत देखिएको छ । लगातार नकारात्मक बन्दै गएको अर्थतन्त्रका सूचकहरूमा पछिल्लो समय क्रमश: सुधार देखिएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७९/८० को पाँच महिनाको विवरणमा थप सुधार देखिएको हो ।

राष्ट्र बैंकको प्रतिवेदनमा विदेशी विनिमय सञ्चिति, सोधनान्तर स्थिति, चालु खाता घाटालगायतमा उल्लेख्य सुधार आएको उल्लेख गरिएको छ । यसले मुलुकको अर्थतन्त्रमा बाह्य दबाब घट्दै गएको संकेत गर्दछ । बाह्य दबाब बढ्दा समग्र अर्थतन्त्रमा समस्या पार्ने गर्दछ ।

सरकारले बाह्य दबाब कम गर्न आयातमा प्रतिबन्धदेखि विभिन्न नीति लिएको थियो । समीक्षा अवधिमा व्यापार घाटा १८.८ प्रतिशतले घट्न पुगेको छ । साथै, विप्रेषण (रेमिटचान्स) आप्रवाहमा उल्लेख्य सुधार आएको तथा मूल्यवृद्धि नियन्त्रणउन्मुख रहेको राष्ट्र बैंकको प्रतिवेदनमा छ ।

### यस्तो छ पाँच महिनाको स्थिति

- विदेशी विनिमय सञ्चिति : १२ खर्ब ९२ अर्ब
- चालु खाता घाटा : ३७ अर्ब ९१ करोड
- शोधनान्तर स्थिति : ४५ अर्ब ८७ करोड बचत
- विप्रेषण आप्रवाह : ४८० अर्ब ५० करोड
- मुद्रास्फिति : ७.३८ प्रतिशत
- व्यापार घाटा : १८.८ प्रतिशतले न्यून
- संघीय सरकारको खर्च : ४३५ अर्ब २१ करोड
- राजस्व परिचालन : ३२६ अर्ब ८९ करोड
- विस्तृत मुद्राप्रदाय : १.९ प्रतिशतले वृद्धि
- बैंक तथा वित्तीय संस्थाको निक्षेप : २.२ प्रतिशतले वृद्धि
- निजी क्षेत्रमा प्रवाहित कर्जा : १.६ प्रतिशतले वृद्धि

### विदेशी विनिमय सञ्चितिमा सुधार

चालु आवको मंसिर मंसिर मसान्तमा विदेशी विनिमय सञ्चिति १२ खर्ब ९२ अर्ब ५६ करोड रूपैयाँ पुगेको छ । यो रकम गत असार मसान्तको तुलनामा ६.३ प्रतिशतले बढी हो । गत असार मसान्तमा विदेशी विनिमय सञ्चिति १२ खर्ब १५ अर्ब ८० करोड रूपैयाँ थियो ।

अमेरिकी डलरमा यस्तो सञ्चिति असार मसान्तमा नौ अर्ब ५४ करोड रहेकोमा मंसिर मसान्तमा नौ अर्ब ८२ करोड कायम भएको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति ११ खर्ब ३९ अर्ब २२ करोड रूपैयाँ रहेको राष्ट्र बैंकले जनाएको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति असार मसान्तमा एक खर्ब ५९ अर्ब ४१ करोड रूपैयाँ रहेकोमा मंसिर मसान्तमा ३.८ प्रतिशतले कमी आई एक खर्ब ५३ अर्ब ३४ करोड रूपैयाँ कायम भएको छ । मंसिर मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.९ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

चालु आवको पाँच महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १० महिनाको वस्तु आयात र ८.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने राष्ट्र बैंकको भनाइ छ । '२०७९ मंसिर मसान्तमा विदेशी विनिमय सञ्चितिको कूल गार्हस्थ उत्पादन, कूल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमश: २६.६ प्रतिशत, ७२.६ प्रतिशत र २३.० प्रतिशत रहेका छन् । २०७९ असार मसान्तमा यी अनुपातहरू क्रमश: २५.१ प्रतिशत, ५७.८ प्रतिशत र २२.१ प्रतिशत रहेका थिए,' राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ ।

### चालु खाता घाटा ३८ अर्ब

चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म चालु खाता घाटा करिब ३८ अर्ब रूपैयाँ पुगेको छ । यही अवधिमा शोधनान्तर स्थिति भने बचतमा देखिएको छ । राष्ट्र बैंकको प्रतिवेदनअनुसार समीक्षा अवधिमा चालु खाता ३७ अर्ब ९१ करोड रूपैयाँले घाटामा छ । गत आवको सोही अवधिमा चालु खाता दुई खर्ब ९८ अर्ब ५१ करोड रूपैयाँले घाटामा थियो ।

यस अवधिमा पुँजीगत ट्रान्सफर २५.३ प्रतिशतले कमी आई तीन अर्ब ४७ करोड रूपैयाँ कायम भएको छ । खुद प्रत्यक्ष वैदेशिक लगानी ६० करोड ४९ लाख रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर चार अर्ब ६४ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी सात अर्ब सात करोड रूपैयाँ रहेको थियो ।

राष्ट्र बैंकका अनुसार गत मंसिर मसान्तसम्ममा शोधनान्तर स्थिति ४५ अर्ब ८७ करोड रूपैयाँले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब ९५ अर्ब रूपैयाँले घाटामा थियो ।

### मूल्यवृद्धि नियन्त्रणउन्मुख

चालु आवको पाँच महिनामा उपभोक्ता मुद्रास्फीति (मूल्यवृद्धि) करिब साढे सात प्रतिशत पुगेको छ । राष्ट्र बैंकका (**बाँकी पृष्ठ २ मा**)



काठमाडौंको सडक अनुगमन गर्दै उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायाणकाजी श्रेष्ठसहितको टोली ।

*तस्बिर सौजन्य: उपप्रधामन्त्री श्रेष्ठको सचिवालय*

# 'एउटा निकायले बनाउने, अर्कोले भत्काउने कार्य रोकिन्छ'

**काठमाडौं (प्रस)–** उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले राज्यका निकायहरू सेवा प्रवाहमा जिम्मेवार नबन्दा जनताले सास्ती बेहोर्नुपरेको बताएका छन् । शुक्रबार काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रको सडक अनुगमनपछि उनले यस्तो बेथिति हटाउन आफू लागिपर्ने बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले एउटा निकायले बनाएको सडक अर्को निकायले भत्काउने क्रम नरोकिँदा जनताले सास्ती पाउने गरेको उल्लेख गरे । केही टार्नै नसकिने अवस्था भए पनि त्यतिले मात्रै अप्ठ्यारो स्थिति नआएको बताउँदै उनले राज्यका निकायले जिम्मेवारीपूर्वक समन्वय गर्नुपर्नेमा जोड दिए ।

उपप्रधानमन्त्री श्रेष्ठले मेलम्ची आयोजनाले अहिले पुरानै पाइपबाट पानीको सप्लाइ परीक्षण गरिरहेका कारण समस्या देखिएको बताए । यद्यपि, त्यसबाहेक पनि समस्या रहेकोप्रति उनले चासो व्यक्त गरे ।

'खाली टार्नैं नसकिने केही समस्याका कारणले, जनताले बुझ्नैपर्ने अवस्थाको कारणले मात्रै अप्ठ्यारो स्थिति भएको होइन,' उनले भने, 'राज्यका निकायले जिम्मेवारीबोधका साथ, तदारुकताका साथ काम सम्पन्न नगरेको कारणले पनि यो स्थिति आएको हो भन्ने कुरा बोध भएको छ ।'

उपप्रधानमन्त्री श्रेष्ठले अब यसलाई प्रभावकारीरूपमा कार्यान्वयनमा लैजाने दृढता व्यक्त गरे । उहनले विद्युत् प्राधिकरण, खानेपानी, ढल तथा सडक विभागजस्ता निकायले समन्वयमा काम नगर्दा समस्या आएको उल्लेख गरे । (**बाँकी पृष्ठ २ मा**)




# भुसाल एकीकृत समाजवादीमा प्रवेश




**काठमाडौं (प्रस)-** नेकपा एमालेका पूर्वउपमहासचिव एवं वामपन्थी नेता घनश्याम भुसाल शुक्रबार नेकपा एकीकृत समाजवादी पार्टीमा प्रवेश गरेका छन् । नयाँ बानेश्वरस्थित अर्याल होटलमा पत्रकार सम्मेलन गर्दै भुसालले नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका हुन् ।

गएको मंसिर ४ मा सम्पन्न निर्वाचनमा एमालेबाट टिकट नपाएपछि उनले एमाले छाडेर रूपन्देहीबाट स्वतन्त्र उम्मेदवारी दिएका थिए । एकीकृत समाजवादीले भुसाललाई सचिवालय सदस्यमा मनोनयन गर्ने तयारी गरेको छ ।

भुसालले एकीकृत समाजवादी पार्टीमा रहेर ठूला पार्टीलाई एक बनाउन पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

## सच्याइएको सूचना

प्रभाव राष्ट्रिय दैनिकमा २०७९/९/२८ गते अंक २५२ मा श्री सिद्धसालबाटा सामुदायिक वन उपभोक्ता समूह, चुरे-६, कैलालीको काठ लिलाम बिक्री सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना विविध कारणबस रद्ध गरिएको व्यहोरा सम्बन्धित सवैमा जानकारी गरिन्छ ।

**अध्यक्ष**

## सुधारतर्फ...

पृष्ठ १ बाट जारी

अनुसार गत मंसिर मसान्तसम्मको अवधिमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.३८ प्रतिशत छ । गत आर्थिक वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.११ प्रतिशत बराबर थियो । गत कात्तिक महिनामा भने यस्तो मूल्यवृद्धि बढेर ८.०८ प्रतिशतमा पुगेको थियो ।

राष्ट्र बैंकका अनुसार मंसिर महिनामा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति ५.८५ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.५९ प्रतिशत रहेको छ । यही अवधिमा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत रेस्टुराँ तथा होटल उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक १५.५६ प्रतिशत, सुर्तीजन्य पदार्थको ११.८१ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.३९ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको ९.०७ प्रतिशत र पेयपदार्थको ८.८४ प्रतिशतले बढेको छ ।

मंसिर मसान्तसम्ममा गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उपसमूहको मूल्य सूचकांक १७.३३ प्रतिशत, स्वास्थ्यको ११.२२ प्रतिशत र मनोरञ्जन तथा संस्कृतिको ८.७६ प्रतिशतले बढेको छ । राष्ट्र बैंकको विवरणअनुसार यही अवधिमा उपत्यकामा ६.५६ प्रतिशत, तराईमा आठ प्रतिशत, पहाडमा ७.३२ प्रतिशत र हिमालमा ६.४८ प्रतिशत मुद्रास्फीति रहेको छ । गत वर्षको मंसिर महिनामा यी क्षेत्रहरूमा क्रमशः ५.९१ प्रतिशत, ७.५२ प्रतिशत, ६.९५ प्रतिशत र ४.९१ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

**३० खर्ब ७ अर्बको तरलता प्रवाह**

राष्ट्र बैंकले चालु आवको मंसिर मसान्तसम्म ३० खर्ब सात अर्ब ७५ करोड रूपैयाँ बराबरको तरलता प्रवाह गरेको छ । पाँच महिनामा राष्ट्र बैंकबाट रिपोमार्फत दुई खर्ब ४१ अर्ब २० करोड, सोझै खरिद बोलकबोलमार्फत ८३ अर्ब ८५ करोड र स्थायी तरलता सुविधामार्फत २६ खर्ब ८२ अर्ब ७० करोड रूपैयाँ गरी कूल ३० खर्ब सात अर्ब ७५ करोड रूपैयाँ तरलता वित्तीय बजारमा प्रवाह भएको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही अवधिमा विभिन्न उपकरणमार्फत २६ खर्ब ६१ अर्ब छ करोड रूपैयाँ तरलता प्रवाह भएको थियो ।

**विदेशमा गरिने लगानीमा थप कडाइ**

यसैबीच राष्ट्र बैंकले विदेशमा पैसा लैजानका लागि थप कडाइ गरेको छ । केन्द्रीय बैंकले शुक्रबार एक सूचनामार्फत विदेशमा कानुनले तोकेबाहेक कुनै पनि प्रकारको लगानी नगर्न आग्रह गरेको छ ।

पछिल्ला दिनमा नेपाली नागरिकले विदेशका विभिन्न क्षेत्रमा लगानी गरिरहेको भन्ने आसयका समाचार एवं विवरण सार्वजनिक भएपछि सूचनामार्फत विदेशमा पैसा नलैजान सेचत गराएको हो । विदेशमा घर जग्गा खरिद, धितोपत्र खरिद, सम्पत्ति खरिद विदेशी बैंक तथा वित्तीय संस्थामा निक्षेप जम्मालगायतका पुँजीगत प्रकृतिका कारोबार नगर्न सचेत गराएको छ ।

बैंकले त्यससम्बन्धी प्रचारप्रसार नगर्नसमेत आग्रह गरेको छ । केन्द्रीय बैंकले तोकिदिएको व्यवस्थाबमोजिमबाहेक विदेशमा भुक्तानी हुनेसम्बन्धी कार्य नगर्न नगराउन ध्यानाकर्षण गराएको छ । त्यस्तो कार्य गर्ने गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गर्ने राष्ट्र बैंकको सूचनामा उल्लेख छ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यस्तो सूचना प्रकाशित गरिएको हो । नेपालमा बसोबास गर्ने कुनै पनि व्यक्तिले कुनै पनि प्रकारको विदेशमा लगानी गर्न नपाउने केन्द्रीय बैंकले जनाएको छ ।

## एउटा निकायले...

पृष्ठ १ बाट जारी

उपप्रधानमन्त्री श्रेष्ठले यी र महानगर तथा काठमाडौंको सडकसँग सम्बन्धित अन्य जिम्मेवार निकायसँग पनि समन्वय गरेर काम गर्न आफूहरू तयार रहेको बताए । श्रेष्ठले सडकको गुणस्तर सुधार्न र एउटा निकायले बनाएको सडक अर्को निकायले भत्काउने कार्य रोक्न आफूले सकारात्मक र गुणात्मक हस्तक्षेप गर्ने बताए ।

'तमासा हेरेर बस्ने स्थिति छैन । अप्ठ्यारो छ, जनताले दुःख पाएका छन् । विकास निर्माणको अनुभूति गर्न पाएका छैनन्,' उनले भने, 'जसले कमजोरी गर्छ वा गैरजिम्मेवार काम गर्छ हामी कारबाहीको प्रक्रियामा जान्छौं ।'

उपप्रधानमन्त्री श्रेष्ठसहित मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशक, क्षेत्रीय सडक प्रमुख, काठमाडौं डिभिजन प्रमुख, मेलम्ची खानेपानी आयोजना कार्यान्वयन एकाइका निर्देशक, काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रबन्ध निर्देशकसहितको टोलीले शुक्रबार लाजिम्पाट, सोह्रखुट्टे, भैंसेपाटी तथा जावलाखेल क्षेत्रका सडकको अवस्थाबारे अनुगमन गरेको थियो ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०९/३०

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७४/११/०३ को निर्णयानुसार साविक कम्पनी **जिप्पो नेपाल प्रा. लि.** (प्रा.लि.नं.१७४७५१) को नाममा रहेका सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **जिपाल कम्पनी प्रा. लि.** अंग्रेजीमा **Zipal Company Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## श्री धोवाघाट कोसिखाल सामुदायिक वन उपभोक्ता समूह बबई १ दाङको समूह बाहिर काठ बिक्री सम्बन्धी सूचना

श्री धोवाघाट कोसिखाल सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई बबई १ खारेपानी दाङमा घाटगद्दी गरी राखिएको काठ बिभिन्न जातको ३९१०.९१ क्यू.फि. तथा साल दाउरा १.०० चट्टा र अन्य दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, बन निर्देशनालय भैरहवामा डिभिजन बन कार्यालयमा घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

**श्री धोवाघाट कोसिखाल सामुदायिक बन उपभोक्ता समूह बबई गा.पा. वडा नं. १ दाङ**



## रोजगारको अवसर (पून:विज्ञापन)

### 1. BSSB LEATHER & FABRIC BEDS SDN. BHD. MALAYSIA

पुर्व स्विकृति मितिः 2079.05.26 चलानी नं. ६०१८७४३४ LT No. 271325 लागत खर्चः निःशुल्क

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 40 | 1500 | 44788 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

### पूनः विज्ञापन 2. GLOBAL LOGISTICS & SERVICES WLL, QATAR

पुर्व स्विकृति मितिः 2079.06.02 चलानी नं. ६०१८७९२२ LT No. 272095 लागत खर्चः निःशुल्क

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब QR | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 1000 | 35747 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

### पूनः विज्ञापन 3. GLOBAL LOGISTICS & SERVICES W.L.L., DOHA, QATAR

पुर्व स्विकृति मितिः २०७७।१०।२३ चलानी नं. ६०१५४३९६ LT No. 235971

| सि.नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 1 | काममा दक्ष | 1000 | 35747 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | १०००० |
| 2 | Reinforc Fitter | 1 | | 1100 | 39321 | | | | | | | | |
| 3 | General Electronic Technician | 1 | | 1100 | 39321 | | | | | | | | |

### पूनः विज्ञापन 4. TOWN CENTER AIR CONDITIONING & REFRIGERATION, QATAR

पुर्व स्विकृति मितिः 2021/11/21 चलानी नं. ६०१६८२३३ LT No. 251027 लागत खर्चः निःशुल्क

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब QR | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Condition Tech | 1 | 1200 | 35830 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०७९ माघ ७ गते (21 January 2023) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 01-5915744



## मलेसिया/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BIG PHARMACY HEALTHCARE SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/०८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२९ LT. No. 270117 चलानी नं. ६०१८६०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Storage Labour | 25 | 0 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **AL KABAYEL OASIS TRADING LLC**

पूर्व स्वीकृति मिति २०७८/१०/०६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२९ LT. No. 256539 चलानी नं. ६०१७३००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Footwear Sales Assistant | 4 | 0 | 1200 | ४२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Readymade Clothes Sales | 5 | 0 | 1500 | ५२,८२० | | | | | | | |
| 3 | Sales | 20 | 0 | 1500 | ५२,८२० | | | | | | | |
| 4 | Shop Assistant | 5 | 0 | 1200 | ४२,२६० | | | | | | | |
| 5 | Stall And Market Salesperson | 5 | 4 | 1500 | ५२,८२० | | | | | | | |
| 6 | Stevedore/lasher | 3 | 0 | 1200 | ४२,२६० | | | | | | | |
| 7 | Toys Sales Assistant | 4 | 0 | 1200 | ४२,२६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ७ गते (21st Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO. W.L.L.**

पूर्व स्वीकृति मिति : २०७९/०९/२१ LT. No. 278817 चलानी नं. ६०१९४४५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | (INDOOR) CLEANERS / HELPERS | 100 | 50 | 90 | ३८,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ७ गते (21st Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sharon Manpower Services Pvt. Ltd.**
Govt. License 647/063/064
G.P.O.Box : 10443, Sinamangal, Kathmandu, Nepal, Tel. :+977-1-4481905, 4481957, 4481505
E-mail :sharon@mail.com.np, info@sharonmanpower.com, sharonservice@yahoo.com, sharonhrsolution@gmail.com
URL: www.sharonmanpower.com


## Aathbiskot Municipality
## Office of the Municipal Executive

Aathbiskot, Rukum West
Karnali Province, Nepal

### INVITATION FOR BIDS FOR WORKS

**Contract Identification No: As mentioned below**
**Date of publication: 13 Jan 2023 (29.09.2079)**

1. The Aathbiskot Municipality Office invites eligible bidder's for the procurement of following items mentioned in the table under National competitive Bidding (NCB).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP **www.bolpatra.gov.np/egp** Bidders, submitting their bid electronically, should deposit non-refundable fee as mentioned in table till **12 Feb 2023** for each contract during office hours in the following account
   **Bank Name:** Prabhu Bank Ltd.
   **Bank Address:** Aathbiskot Municipality 09, Rukum (west)
   **Account Name:** Aathbiskot Municipality Office
   **Account Number:** 2607089815000170 (Revenue Account)
4. Sealed bids must be submitted through www.bopatra.gov.np/egp on or before **12:00 Noon** on **12 Feb 2022**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM** on **12 Feb 2022** at the office of **Aathbiskot Municipality**. Bids must be valid for a period of 30 days after bid opening and must be accompanied by a bid security which shall be valid for 90 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following account and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
   **Bank Name:** Prabhu Bank Ltd.
   **Bank Address:** Aathbiskot Municipality 09, Rukum (west)
   **Account Name:** Aathbiskot Municipality Office
   **Account Number:** 2607089815000040 (Dharauti Khata)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bid without assigning any reason, whatsoever.
8. Particulars of Works and respective bid security are:

| Contract No. | Name of contract | Bid Document Amount (NRs.) | Required Bid Security in (NRs.) | Last Date Of Bid Submission | Date Of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|
| AMO/ NCB/W-01/2078/079 | Construction of RCC frame structure school building of Shree Janabikas Secondary School, Takura-14, Aathbiskot Municipality. | 3,000.00 | 2,95,000.00 | 12 Feb 2023 12:00 Noon. | 12 Feb 2023 2:00 PM. | All other not mentioned here will be as per bid document. |
| AMO/ NCB/W-02/2078/079 | Construction of RCC frame structure school building of Shree Sisne Himal Secondary School, Sajhebagar-02, Aathbiskot Municipality. | 3,000.00 | 2,95,000.00 | 12 Feb 2023 12:00 Noon. | 12 Feb 2023 2:00 PM. | |
| AMO/ NCB/W-03/2078/079 | Construction of RCC frame structure school building of Shree Himalaya Secondary School, Khadi-03, Aathbiskot Municipality. | 3,000.00 | 2,95,000.00 | 12 Feb 2023 12:00 Noon. | 12 Feb 2023 2:00 PM. | |

**Mani Raj Shah**
**For Chief Administrative Officer**

# फोहोर उठाउनेको व्यथा

■ रमेश गिरी

**भक्तपुर-** दोलखा घर भई कमलविनायक बस्दै आएका ३१ वर्षीय भीमकुमार थामी पुसको जाडोको पर्वाह नगरी बिहान ६ बजे फोहोर संकलन गर्न पुगिसक्छन् । तीन वर्षदेखि बिहान ६ बजे मध्यपुरथिमि-५ राधेराधेस्थित नेप्सेम्याकको कार्यालयमा पुगेर हाजिर गरेपछि ट्र्याक्टरमा घरघरबाट फोहोर संकलन गर्न निस्कने उनको दैनिकी नै हो ।

उनीमात्रै होइन, भक्तपुरमा फोहोर संकलनको मुख्य जिम्मेवारी निर्वाह गर्दै आएको निजी कम्पनी नेप्सेम्याकको भक्तपुर राधेराधे थिमिस्थित शाखा कार्यालयमा फोहोर संकलनमा खटिने ६९ जनाको दैनिकी यसैगरी बित्ने गर्छ । फोहोर संकलनमा निस्कँदा सभ्य समाजको सभ्य मानिसको असभ्य व्यवहारले भने उनीहरूको मन निकै चिमोट्ने गर्दछ ।

थामी भन्छन्, 'बिहान उठेर कोठामा चिया खाएर खानाको पोको बोकेर अफिस आउँछौं, खाना त्यहीं राखेर आफ्नो क्षेत्रमा फोहोर संकलन गर्न निस्कन्छौं । टोल बस्तीमा सिठ्ठी फुक्दै जान्छौं, घरघरका फोहोरहरू घरबाहिर निकाल्छन्, अनि हामी टिपेर ट्र्याक्टर, ट्रकमा हालेर ल्याउँछौं, यो हाम्रो दैनिकी नै हो ।'

फोहोर संकलनमा बिहान भोकै निस्कने मजदुरहरू फोहोर व्यवस्थापन नगरेसम्म भोकै नै हुन्छन् । थामीका अनुसार फोहोर लिएर कार्यालयमा आएपछि बल्ल हातमुख धोएर घरबाट ल्याएको खाना खाने गरिन्छ । कहिले त सवारी चाप हुँदा फोहोर लिएर आइपुग्दै दिउँसो १ बज्छ, त्यतिखेरसम्म भोकै बस्नुपर्छ । यस्तो दुःख गरेर फोहोर उठाउने गरे पनि फोहोर थुपार्ने त्यहीं समाजका मानिसले गर्ने व्यवहार देखेर भने कहिलेकाहीं निकै दिक्क लाग्ने गरेको सुनाउँछन् ।

पाँच वर्षदेखि फोहोर संकलन गर्दै आएका भोजपुर घर भई निकोसेरा बस्ने तिलकबहादुर रस्तेल फोहोर संकलन गर्दा होस् वा फोहोर बोकेर फर्कने क्रममा होस् सभ्य र शिक्षित भनिने मानिसहरूबाट असभ्य व्यवहार हुने गरेको बताउँछन् । उनी भन्छन्, ' फोहोर बोकेर फर्केको गाडीलाई अरु निजी गाडीले बाटो दिँदैनन्, हेप्छन् । फोहोरमा काम गर्ने मानिस त मानिस नै हैन जस्तो गर्छन्, कतिले त मुखै छाडेर गाली गर्छन् । हामी सहेर काम गर्छौं, उनीहरूसँग केही बोल्दैनौ ।' मानिसले मानिसलाई गर्ने व्यवहार किन यति फरक हुन्छ, उनको मनमा उब्जने यस्ता प्रश्नले कहिलेकाहीं निकै चिमोट्छ उनलाई ।

१० वर्षदेखि फोहोर संकलनकै काम गर्दै आएका इलाम घर भई कटुञ्जे बस्ने ३९ वर्षीय जीवन राईको गुनासो पनि उस्तै छ ।



फोहोरमैलामा काम गर्नेहरू पनि फोहोरी हुन् भन्ने सभ्य मानिसको सोचाइ कति निकृष्ट होला, उनी दुखेसो पोख्छन् । कतिपय सभ्य मानिसले आफूहरूप्रति गर्ने असभ्य व्यवहारले दिक्क लाग्ने गरे पनि कामप्रति वितृष्णा भने नरहेको उनी बताउँछन् । कतिपय मानिसले फोहोर संकलन गर्न जाँदा खाउँलाझैं गरेर असभ्य शब्दले मुखै छाडेर गाली गर्ने गरेको उनी सुनाउँछन् ।

धरान घर भई भक्तपुरको सूर्यविनायक नगरपालिका-५ कटुञ्जे बस्ने ३० वर्षीय राजेश गुरागाईंलाई फोहोर संकलनमा जाँदा अलि ढिला भयो भने स्थानीयको गाली सुन्नु पर्दा दिक्क लाग्ने गर्दछ । बिहान ६ बजे आ-आफ्नो तोकिएको क्षेत्रमा फोहोर संकलनका लागि जाने गर्छन्, कतिपय ठाउँको फोहोर धेरै हुँदा दोहोर्‍याएर पनि जानुपर्ने हुन्छ । कहिलेकाहीं बञ्चरेडाँडाको समस्याले फोहोर नउठाउँदा त्यो सबै आक्रोश फोहोर संकलन गर्न जानेमाथि खन्याउने र गाली गर्नेहरू धेरै हुने गरेको सुनाउँदै उनी भन्छन्, 'फोहोर उठाउने मानिस त मानिस नै होइनन्, यी तल्लोस्तरकै हुन् भन्ने व्यवहार गर्दा कहिलेकाहीं यो मन साह्रै दुख्छ ।'

ओखलढुंगा घर भई नेप्सेम्याकको कार्यालयमै बस्दै आएका ठगबहादुर दर्जी मानिसले फोहोर पनि सभ्य तरिकाले नराख्ने गरेको सुनाउँछन् । कतिपय फोहोर अगाडि फालिदिने, छरेर राखिदिने, कुहिने र नकुहिने फोहोर नछुट्याउने, फलाम, सिसासमेत एकै ठाउँमा राखिदिने गर्दा जोखिम हुने गरेको उनको भनाइ छ । ' मानिसले घर अगाडि जथाभावी फोहोर राखिदिँदा कतिपय ठाउँमा कुकुरले छरेको फोहोरसमेत टिप्नु पर्नेहुन्छ,' उनी भन्छन् ।

नेप्सेम्याकले फोहोर संकलन गर्नेलाई बिरामी, साप्ताहिक, सुत्केरी, किरिया बिदाका साथै सामाजिक सुरक्षा कोषमासमेत आबद्धता गराएको छ । फोहोर संकलनमा जाँदा बिरामी भए उपचार गरिदिने, बुट, पञ्जा, मास्कको व्यवस्था गरेको कामदारहरू बताउँछन् । संस्थाका शाखा प्रबन्धक बाबुराम चौलागाई बेलाबेलामा आउने फोहोर फाल्ने ठाउँको समस्याले निजी कम्पनीलाई समेत मार परेको बताउँछन् । फोहोर फाल्ने ठाउँ बन्द हुदा फोहोर संकलन गर्न जान नसकिने तर सेवाग्राहीले भने पैसा दिएपछि जस्तो अवस्थामा पनि फोहोर संकलन हुनुपर्छ भनेर व्यवहार गर्दा भने समस्या हुने उनी बताउँछन् ।

कुहिने र नकुहिने फोहोर छुट्याएर राखिदिए संकटका बेलामा पनि कुहिने फोहोर संकलन गरेर लैजान सकिने र नकुहिने फोहोर दुई महिनासम्म घरमै राख्न सकिने भएकाले यसका लागि पहल गरिरहेको उनी बताउँछन् । धेरै ठाउँमा सूचना जारी गरेर दुई महिनादेखि कुहिने र नकुहिने फोहोर फरक दिनमा छुट्टाछुट्टै लैजाने व्यवस्था गरिएको उनले बताए ।

सम्बन्धित पालिकाले नै फोहोर विसर्जन गर्ने ठाउँको व्यवस्था गर्नुपर्ने बताउँदै उनले नगरपालिकाले जथाभावी फोहोर फाल्नेलाई कारबाही गर्ने र सफा टोल बस्तीलाई नमूना बनाउने विभिन्न कार्यक्रमहरू ल्याउनसके फोहोर व्यवस्थापनमा सहज हुने उनको भनाइ छ । कुहिने फोहोरलाई घरमै कम्पोष्ट मल बनाएर खेतीबारी, कौशीखेती, फूलको गमलामा प्रयोग गर्ने गरी स्थानीयलाई तालिम र प्रोत्साहनको कार्यक्रम ल्याउन पालिकासँग समन्वय गरिरहेको उनी बताउँछन् ।

सूर्यविनायकको मनोरम प्रगति बस्तीका एक हजार घरले कुहिने र नकुहिने फोहोर छुट्याएर नमूनाको काम गरेकाले त्यहाँका प्रत्येक घरलाई वार्षिक पाँच किलो कम्पोष्ट मल निःशुल्क दिने गरेको र त्यही नमूनालाई अन्यत्र लैजाने प्रयास भइरहेको छ । संस्थाले भक्तपुरका ग्रामीण क्षेत्रका कुहिने फोहोरलाई घरघरमा र स्थानीयस्तरमा कम्पोष्ट मल बनाएर व्यवस्थापन गर्ने गरी तालिम तथा अनुदानका लागि कार्यक्रम अगाडि सारेको छ ।

नेप्सेम्याकका कार्यक्रम संयोजक गोविन्दप्रसाद आचार्यले आफ्नो कम्पनीमा मात्रै फोहोर संकलनमा ६९ जना, सडक सफाइ गर्ने चार महिला र अन्य कर्मचारी १०० भन्दा बढी जनशक्ति भक्तपुरमा परिचालन गरिएको बताए । नेप्सेम्याकले सूर्यविनायक नगरपालिकामा आठ हजार ६९, चाँगुनारायण नगरपालिकामा दुई हजार ९६९, मध्यपुरथिमि नगरपालिकामा तीन हजार ९२४, भक्तपुर नगरपालिकामा ४१ गरी भक्तपुर जिल्लामा मात्रै १५ हजार दुई घरबाट फोहोर संकलन गर्ने गरेको छ ।

नेप्सेम्याकले दैनिक सूर्यविनायक नपाबाट ३०, चाँगुनारायण नपाबाट २० र मध्यपुरथिमि नपाबाट २५ टन फोहोर संकलन गर्दै आएको र फोहोर संकलन गर्ने अन्य संस्थाहरूले करिब ७० टन गरि दैनिक १५० टन फोहोर भक्तपुरबाट संकलन गर्दै आएको संयोजक आचार्यले जानकारी दिए । संस्थाले १५ सय घरबाट छुटिएका कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउने गरेको र मासिक आठ टन मल उत्पादन हुने गरेको उनी बताउँछन् ।

नेप्सेम्याकले फोहोर संकलनका लागि प्रतिघरबाट संख्याका आधारमा मासिक २५० देखि ४५० रूपैयाँसम्म शुल्क लिने गरेको र कर्मचारीलाई कम्तीमा मासिक २१ हजार रूपैयाँका दरले तलब र आठ घण्टाभन्दा बढी समय काम गरेमा थप रकम दिने गरेको छ ।

भक्तपुरमा निजी कम्पनीका फोहोर संकलन गर्ने संस्थाहरू फूलबारीले सूर्यविनायक नपा र मध्यपुरथिमि नपाबाट आठ हजार ५००, स्वच्छ वातावरण सिर्जना केन्द्रले तीनवटै नपाबाट पाँच हजार ५००, विन्दवासिनी स्यानेटेरी प्रालिले एक हजार १००, सिर्जनशील सेवा प्रालिले मध्यपुरथिमिबाट ५०० र दिव्यश्वरी सहयोगी हातले मध्यपुरबाट दुई हजार घरबाट फोहोर संकलन गर्दै आएको छ । जिल्लामा निजी कम्पनी र नगरपालिकाहरूको फोहोर संकलक, कुचीकार र अन्य गरी करिब ८०० मजदुरले प्रत्यक्षरूपमा रोजगारी पाइरहेको निजी कम्पनीहरू बताउँछन् ।

मध्यपुरथिमि नगरपालिकाका सूचना अधिकारी केशव सिलवालले मध्यपुरथिमिको फोहोर नेप्सेम्याकलगायतका संस्थाले संकलन गर्दै आएको र केही ठाउँमा नगरपालिका आफैंले पनि संकलन गर्ने गरेको बताउँछन् । उनका अनुसार नगरपालिकाले भने चार पुरुष र १४ महिला गरी १८ जना सफाइ मजदुर र दुई जना फोहोर संकलकलाई परिचालन गरेको छ ।

सूर्यविनायक र चाँगुनारायण नगरपालिकाले भने निजी क्षेत्रलाई फोहोर व्यबस्थापनको जिम्मेवारी दिएको छ । सूर्यविनायक नपाका प्रवक्ता रविन्द्र सापकोटाले नगरपालिका आफैंले फोहोर व्यवस्थापन गर्नेबारेमा पनि छलफल भइरहेको जानकारी दिए । चाँगुनारायण नगरपालिका पनि फोहोर व्यवस्थापनमा निजी कम्पनीकै भर परेको छ । त्यसैले सूर्यविनायक र चाँगुनारायणले सफाइ मजदुरको व्यवस्था गरेको छैन । चाँगुनारायण नगरपालिकाले पनि सहरी क्षेत्रमा निजी कम्पनीलाई नै फोहोर व्यवस्थापनको जिम्मा दिएको छ ।

भक्तपुर नगरपालिकाले भने कुचिकार र सफाइ मजदुरलाई कर्मचारीकैरूपमा राखेर हरेक दिन बिहान सफाइ गर्ने, टोलटोलबाट कुहिने र नकुहिने फोहोर फरक दिनमा संकलन गर्ने गर्दै आएको छ । संकलन भएका फोहोर व्यवस्थापन गर्दै आएको नगरपालिकाका प्रवक्ता रविन्द्र ज्याख्वाले जानकारी दिए । त्यसो त नगरपालिकाले जापानी प्रविधिको कम्पोष्ट मल उत्पादनको काम पनि सुरु गरेको छ । कतिपय कुहिने फोहोरहरू संकलन गरेर नगरपालिकाले जगातीस्थित कम्पोष्ट मल उत्पादन गर्ने क्षेत्रमा लगेर मल उत्पादन गर्ने कार्य नमूनाका रूपमा भइरहेको र यसलाई विस्तार गरेर फोहोरबाट मोहर कमाउने योजनामा रहेको नगरपालिकाले बताएको छ । *रासस*

# टिकटकमार्फत जुवा खेल्ने पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं-** काठमाडौं उपत्यकामा जुवाडेहरूले प्रहरीको आँखा छल्ने उद्देश्यले विभिन्न तरिका अपनाएर जुवा खेल्ने र खेलाउने गरेका छन् । यही सिलसिलामा पछिल्लो समयमा भने 'टिकटक लाइभ'मार्फत पनि जुवा खेल्ने गरेको पत्ता लागेको छ ।

टिकटक भनेको मानिसले सामान्यतः आफ्नो रमाइलोका लागि साना-साना भिडियो तयार पारी हाल्ने एक प्रकारको सामाजिक सञ्जाल हो । रमाइलोका लागि त्यस्ता भिडियो राखिन्छ तर त्यही सामाजिक सञ्जालको दुरूपयोग गरी टिकटक लाइभबाट जुवा खेलाउने गरेको पाइएको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा उपत्यकाभित्र केही व्यक्तिले ई-सेवालगायत अन्य डिजिटल वालेटमा विभिन्न व्यक्तिमार्फत रकम जम्मा गराइ लाभ लिने उद्देश्यले टिकटकमार्फत रकमको बाजी राखी जुवा, तास खेलाउने गरेको सूचना आयो । उक्त सूचनाका आधारमा कार्यालयले तत्काल टोली बनाइ ती गतिविधिको निगरानी थाल्यो । प्रहरीको अनुसन्धान टोलीले उपत्यकाको ग्वार्को, सूर्यविनायक, लोकन्थलीलगायत स्थानमा खोजी अभियान चलाउँदा टिकटक लाइभमार्फत जुवा खेल्दै र खेलाउँदै गरेको अवस्थामा चार जनालाई फेला पारिएको कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला बताउँछन् ।

प्रहरीले जुवा खेलेको अवस्थामा दाङ घर भई ग्वार्को बस्ने ऋषिप्रकाश योगी, भक्तपुरको सूर्यविनायक बस्ने कपिल गिरी, भक्तपुरको थिमि बस्ने प्रेम कठाडत र कैलालीका डिल्लीराज अवस्थीलाई रंगेहात फेला पारी पक्राउ गरेर कारबाही थालेको छ । उनीहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा १२५ को उपदफा १ बमोजिम जुवा कसुरमा आवश्यक कारबाहीका लागि ललितपुर र भक्तपुरका सम्बन्धित प्रहरीमा बुझाइएको छ ।

पक्राउ परेकामध्ये योगीले पब्जी र पब्जी-२ नामक टिकटक बनाइ दुई ई-सेवा वालेटमा विभिन्न व्यक्तिलाई रकम जम्मा गर्न लगाएर एक महिना १० दिनको अवधिमा जुवा खेलाएर २८ लाख ७३ हजार रूपैयाँ कारोबार गरेको पाइएको छ । यस्तै गिरीले पोकर किङ नामक टिकटक खोली तीन ई-सेवा वालेटमा १० दिनको अवधिमा ५३ हजार रूपैयाँ रकम कारोबार गरेका छन् भने कडायत र अवस्थीले प्रेम नामक टिकटकमार्फत ई-सेवा वालेटमा एक महिना छ दिनको अवधिमा जुवा खेलाएर ९३ हजार रूपैयाँ कारोबार गरेको पाइएको छ ।

चारैजनाको साथबाट टिकटक लाइभ जुवा, तास खेल्न खेलाउन प्रयोग गरेका मोबाइल, विभिन्न व्यक्तिका नाम र रकम उल्लेख भएको रजिस्टर, जुवा खेलाउन प्रयोग भएको ३२ बुक तासलगायत बरामद गरेको प्रहरी उपरीक्षक कोइरालाले जानकारी दिए ।

# 'स्मार्ट' चालक अनुमतिपत्रका लागि कार्ड खरिद गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं-** यातायात व्यवस्था विभागले 'स्मार्ट' चालक अनुमतिपत्र छपाइका लागि आवश्यक कार्ड खरिदको प्रक्रिया अघि बढाएको छ ।

कार्ड खरिदका लागि सूचना निकालिएको र अबका केही महिनामा आइपुग्ने विभागले जनाएको छ । सबै प्रक्रिया पूरा गरेर ल्याउन चार/पाँच महिना लाग्नसक्ने विभागका सूचना अधिकारी ईश्वरीदत्त पनेरुले बताए । उनका अनुसार नयाँ कार्ड खरिद भएर आउँदासम्मका लागि आवश्यक पर्ने संख्यामा भने विभागसँग कार्ड बाँकी रहेको छ । उनले भने, 'तत्काल छाप्नलाई अभाव छैन र यो सकिँदासम्म अर्को आइपुग्छ भन्नेछ ।'

अहिले अघि बढाइएको खरिद प्रक्रियाबाट १२ देखि १५ लाख कार्ड खरिद हुन लागेको विभागले जनाएको छ । अझै बढी खरिदका लागि थप रकमको पहल भइरहेको सूचना अधिकारी पनेरुले बताए । उनले भने, 'अहिले उपलब्ध बजेट जतिको कार्ड खरिद गर्न आह्वान भएको छ, अझै थपिएमा बढी कार्ड किन्न सकिन्छ ।'

हालसम्म चालक अनुमतिपत्र छपाइका लागि एउटा मात्रै 'मास प्रिन्टर' रहेकामा अर्को एउटा खरिदका लागि विभागले प्रक्रिया अघि बढाइसकेको छ । दुई ' मास प्रिन्टर' ले छाप्दा अहिलेभन्दा दोब्बर छापिने र अहिलेको कार्डले नपुग्नसक्ने उनले बताए । अहिले झण्डै सात लाख अनुमतिपत्र छाप्न बाँकी रहेकामा विभागले दुई उपकरणमार्फत त्यो छापिएर सक्ने गरी योजना बनाएको छ ।

विभागले कार्ड खरिदका लागि सूचना भर्खर प्रकाशित गरेको छ । वर्षभरलाई पुग्ने अनुमान गरिएको भए पनि नवीकरण, नयाँ, प्रतिलिपि सबैका लागि चाहिने हुँदा अझै बढी चाहिने उनले बताए । उनले भने, ' बढी हुँदा खेर जाँदैन, तर नेपालको खरिद प्रक्रिया लामो हुनेहुँदा किन्दा धेरै गर्नसके हुन्थ्यो भन्ने छ ।'

विगत वर्षहरूमा उपकरणको क्षमता कमीले मात्रै होइन कार्डको अभावका कारणसमेत अनुमतिपत्र छपाइ सुस्त रहेको थियो । केही वर्षयता विभिन्न समस्याका कारण सेवाग्राहीले सजिलोरूपमा अनुमतिपत्र पाइरहेका छैनन् । *रासस*


**Bodebarsain Municipality**
**Office of the Municipal Executive**
**Bodebarsain, Saptari**
**Madesh Province, Nepal**

## INVITATION FOR BIDS

**IFB No: BBMS/NCB/Works/2079/080-02**
***First Date of Publication: 2079/09/30 (14th Jan, 2023)***

1. Bodebarsain Municipality, Office of the Municipal Executive invites Open Competitive Biddings from Nepalese eligible bidders & Suppliers for the Supply, delivery and Furnishing of Interaior given in table below, under National Competitive Bidding procedures.

| S.N | Contract Identification Number | Work Description | Estimated Amount With VAT (Nrs.) | Bid Security Amount (Nrs) |
|---|---|---|---|---|
| 1 | BBMS/NCB/Goods/ 2079/080-02 | Procurement of Furnitures for Bodebarsain Municipality | 58,71,311.00 | 165000.00 |
| 2 | BBMS/NCB/Goods/ 2079/080-03 | Procurement of Interaior Furnishing and Partation Works of Bodebarsain Municipality | 25,69,172.62 | 75000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bodebarsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari.
3. A complete set of Bidding Documents may be purchased from the Bodebarsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 3000 till 2079/10/29 (12th Feb 2023) during office hours.
4. Sealed bids must be submitted to the Bodebarsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari by hand or courier on or before 12:00 noon on 2079/11/01(13th Feb 2023). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 2 p.m on 2079/11/01 (13thFeb, 2023) at the office of Bodebarsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari. Bids must be valid for a period of 3 months after bid opening .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### अझै सतर्कताको खाँचो

मुलुकको अर्थतन्त्रमा सुधारको संकेत देखिएको छ । लगातार नकारात्मक बन्दै गएको अर्थतन्त्रका सूचकहरूमा पछिल्लो समय क्रमशः सुधार देखिएको छ। नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७९/८० को पाँच महिनाको विवरणमा थप सुधार देखिएको हो।

राष्ट्र बैंकको प्रतिवेदनमा विदेशी विनिमय सञ्चिति, सोधनान्तर स्थिति, चालु खाता घाटालगायतमा उल्लेख्य सुधार आएको उल्लेख गरिएको छ । यसले मुलुकको अर्थतन्त्रमा बाह्य दबाब घट्दै गएको संकेत गर्दछ । बाह्य दबाब बढ्दा समग्र अर्थतन्त्रमा समस्या पार्ने गर्दछ ।

सरकारले बाह्य दबाब कम गर्न आयातमा प्रतिबन्धदेखि विभिन्न नीति लिएको थियो, जसको प्रभाव सकारात्मक देखिएको छ। समीक्षा अवधिमा व्यापार घाटा १८.८ प्रतिशतले घट्न पुगेको छ । साथै, विप्रेषण (रेमिटचान्स) आप्रवाहमा उल्लेख्य सुधार आएको तथा मूल्यवृद्धि नियन्त्रणउन्मुख रहेको राष्ट्र बैंकको प्रतिवेदनमा छ ।

प्रतिवेदनअनुसार समीक्षा अवधिमा विदेशी विनिमय सञ्चिति १२ खर्ब ९२ अर्ब रूपैयाँ पुगेको छ । यो रकम गत असार मसान्तको तुलनामा ६.३ प्रतिशतले बढी हो । चालु खाता घाटा ३७ अर्ब ९१ करोड रूपैयाँ कायम भएको छ । शोधनान्तर स्थिति ४५ अर्ब ८७ करोडले बचतमा छ । विप्रेषण (रेमिटचान्स) आप्रवाह चार खर्ब ८० अर्ब ५० करोड रूपैयाँ पुगेको छ । मंसिर महिनामा मात्रै एक खर्बभन्दा बढी रेमिटचान्स भित्रिएको छ ।

मंसिर मसान्तमा उपभोक्ता मुद्रास्फिति ७.३८ प्रतिशत कायम भएको छ । जबकि, कात्तिकमा यस्तो मुद्रास्फिति ८.०८ प्रतिशत पुगेको थियो। व्यापार घाटा १८.८ प्रतिशतले न्यून भएको छ । विस्तृत मुद्राप्रदाय १.९ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाको निक्षेप २.२ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा १.६ प्रतिशतले बढेको तथ्यांक छ।

उपरोक्त तथ्यांकले मुलुकको अर्थतन्त्रमा सुधारको आशा जगाएको छ । विश्वव्यापी बनेको कोरोना महामारीका कारण थलिएको अर्थतन्त्र विस्तारै उठ्न लाग्दा रुस–युक्रेन युद्धलगायत कारणले पुनः समस्यातर्फ उन्मुख बनेको थियो। पछिल्लो समय यसमा सुधार देखिनुलाई सकारात्मकरूपमा लिनुपर्छ । तर, अझै पनि अर्थतन्त्रको संकट टरेको छैन । चालु आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व संकलन गर्न नसक्दा चालु खर्च व्यवस्थापनमै सरकारलाई दबाब परिरहेको छ । चालु खर्च भने लगातार बढिरहेको छ । पुँजीगत खर्चमा सुधार ल्याउन सरकारले सकेको छैन । अर्थतन्त्र अझै पनि विभिन्न समस्याहरूमा जेलिएको अवस्था छ ।

त्यसैले अहिले नै अर्थतन्त्र संकटबाट मुक्त भइसक्यो भनेर ढुक्क हुने अवस्था छैन। भर्खरै गठन भएको नयाँ सरकारले अर्थतन्त्रको सुधारलाई मूल एजेण्डा बनाएको छ । त्यही लक्ष्यमा सरकारले आफ्नो कार्यक्रम केन्द्रित गर्न जरुरी छ। यो लक्ष्यमा पुग्न स्थिर सरकारको खाँचो छ। त्यसैले सत्ता गठबन्धनमा रहेका दलहरू सरकार परिवर्तनको खेलमा नलागी मुलुकको अवस्था सुधारमा गम्भीर हुन जरुरी छ । अर्थतन्त्रमा पछिल्लो समय देखिएको सुधारलाई निरन्तरता दिन सरकारले प्रतिबद्धताका साथ काम गर्नुपर्छ। अन्यथा पुनः संकट दोहोरिने निश्चित छ ।

## मनन्योग्य

### चाणक्य नीति

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।'

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- ' अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।'

'म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु, राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।' 'हेर राजाले सर्पसँग खेल्नुपर्छ । राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछिमात्र कीर्ति पाउँछ । जो राजर्षि बनी देशको सेवा गर्छ गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ । आज राति तिमी सुत्नेछैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'क्रमशः

# बच्चालाई अमृतसरह 'हयुमन मिल्क बैंक'

▶▶ शरद् शर्मा

आफ्नो आमाको दूध नआउने वा कुनै कारणले खुवाउन नमिल्ने अवस्थामा पनि अब नवजात शिशुहरूले अर्को आमाको स्तनपान गर्न पाउने भएका छन् । बच्चालाई अर्को आमाको खुवाउनका लागि अहिले थापाथलीस्थित परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पतालले स्थापना गरेको 'हयुमन मिल्क बैंक' निकै प्रभावकारी देखिएको छ ।

कोषले विगत पाँच महिनादेखि स्तनपान गर्न नसक्ने बच्चालाई अमृतसरह आमाको दूध उपलब्ध गराउँदै आएको छ। गत भदौमा सञ्चालनमा आएको गृहमा रहेको मिल्क बैंकले स्तनपान गर्न नसक्ने, आमाको दूध नआउने बच्चालाई आमाहरूबाट दान गरिएको दूध उपलब्ध गराउँदै आएको छ ।

'बृहत् स्तनपान व्यवस्थापन केन्द्र' अर्थात् 'अमृत कोष' नाम दिइएको यस बैंकमा दैनिक आमाहरूले दान गरिएको संकलन भएको दूध बच्चालाई उपलब्ध गराउँदै आएको अस्पतालको प्रमुख बालरोग विशेषज्ञ तथा 'हयुमन मिल्क बैंक'का इन्चार्ज डा. कल्पना उपाध्याय सुवेदीले बताइन् ।

नवजात शिशुको मृत्युदर एक हजार जनामा २१ जना रहेको छ,' उनले भने, 'बैंकले बच्चालाई आमाका दूध खान उपलब्ध गराउँदै आएको छ । अब पक्कै पनि नवजात शिशु मृत्युदर घट्नेछ ।'

कतिपय नवजात शिशुलाई आमाको दूध नआएर ल्याक्टोजेन खुवाउन गरिएको थियो । उनले बैंक स्थापनासँगै अहिले नवजात शिशुलाई ल्याक्टोजेन खुवाउन नपरेको बताए । उनले शिशुलाई आमाको दूध खुवाएर अस्पताललाई पूर्ण ल्याक्टोजेन मुक्त गराइएको बताए ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को सर्वेक्षण प्रतिवेदनले नेपालमा हाल ५६ प्रतिशत आमाले मात्रै शिशु जन्मिएको छ महिनासम्म पूर्ण स्तनपान गराउने उल्लेख गरेको छ । सन् २०१६ को सर्वेक्षणले ६६ प्रतिशत आमाले शिशुलाई पूर्ण स्तनपान गराउने गरेको उल्लेख छ ।

समयभन्दा अगाडि जन्मेको बच्चा, गम्भीर बिरामी भएका बच्चा, जन्मिनेबित्तिकै रुन नसक्ने हातखुट्टा नै लल्याकलुलुक भएको बच्चा, आइसियूमा गरिन्छ। औसतमा दैनिक सात/आठ जना बच्चाका आमाले दूध मिल्क बैंकमा राख्ने गर्दछन् ।

उनका अनुसार अहिले संकलन गरिएको दूध अस्पताल भर्ना भएका समयमा नै नजन्मिएका, अशक्त बच्चा, आमाको दूध नआउने, स्तनपान गर्न नसक्ने शिशुलाई खुवाउने गरेको बताउँछन् । 'हामीले आमाको दूध नआउने र आमाको दूध चुस्न नसक्ने शिशुलाई मात्र दूध उपलब्ध गराउने गरेका छौं,' डा. अधिकारीले भने, 'अहिले हामीलाई संकलन गरेको दूधले पनि पुग्दैन । सबै शिशुलाई दूध खुवाउनका लागि दैनिक चार हजार मिलिलिटर दूध चाहिन्छ ।' उनी कहिलेकाहीँ मात्र बाहिरबाट आमाहरूले दूध दान गर्न आउने गरेको बताउँछन् ।

#### दूधलाई गरिन्छ निर्मलीकरण

संकलन गरिएको दूध २४ घण्टासम्म सामान्य फ्रिजमा राख्ने गरिन्छ र त्यसपछि दूधलाई निर्मलीकरण गरेर मात्रै शिशुलाई खुवाइने गरिन्छ । निर्मलीकरण गरिसकेपछि दूधलाई छ महिनासम्म खुवाउन मिल्ने उपलब्ध गराउन नसकिएको अस्पतालले जनाएको छ । दैनिक चार हजार मिलिलिटर आवश्यक रहेको बैंकमा अहिले दुई हजार ५०० मिलिलिटर मात्र दूध संकलन हुने गरेको छ ।

अस्पतालका उपनिर्देशक डा. उपाध्यायले अस्पतालमा भर्ना भएका शिशु सबैलाई दूध उपलब्ध गराउन नसकेको बताइन् । 'सबैलाई दूध उपलब्ध गराउनका लागि दैनिक चार हजार मिलिलिटर दूध चाहिन्छ,' उनले भनिन्, 'अहिले दूध चुस्न नसक्ने र आमाको दूध नआउने बच्चालाई मात्र दूध दिएका छौं ।'

#### यसरी संकलन गरिन्छ

बच्चालाई आमाले दूध खुवाएपछि बचेको दूध बैंकमा दान गर्न स्वास्थ्यकर्मीले परामर्श गर्छन् । अस्पतालको प्रमुख कन्सल्टचान्ट डा. अधिकारीले अस्पतालमा रहेका पाँच जना स्वास्थ्यकर्मीले प्रत्येक शयचामा गई शिशुका आमालाई बैंकमा दूध दान



सघन उपचार कक्ष (आइसियू)मा रहेका आमा, भर्ना भएका आमा, स्तनपान गर्न नसक्ने आमाबाट दूध दान गरिन्छ । 'कसैको बच्चाले आमाको दूध खाने हुन्छ, कसैको हुँदैन । भेन्टिलेटरमा भएका बच्चालाई पनि आमाको दूध चुसाउँदैनौं । त्यस्ता आमाहरूको दूध अमृत कोषमा राख्ने गर्दछौं,' डा. उपाध्यायले भने, 'जुन बच्चाले राम्रोसँग स्तनपान गर्न सक्दैनन् । त्यस्तो आमाको दूध हामीले यही निकाल्छौं र जति बच्चालाई चाहिन्छ त्यति दिन्छौं र बाँकी बैंकमा नै राख्ने गरेका छौं ।' शल्यक्रिया गरेका आमा पाँच दिन अस्पतालमा बस्ने गर्दछन् । अनि त्यस्ता आमाले पनि दूधदान गर्दछन् ।

बच्चालाई आमाको दूध अमृत बराबर मानिन्छ । भनिन्छ आमो दूध नै बच्चाको पहिलो खोप हो । छ महिनासम्म बच्चालाई आमाको दूध नै खुवाएपछि अरु कुनै पनि कुरा खुवाउन पर्दैन । तर, त्यही आमाको दूध केही बच्चाले पाउन सकिरहेका छैनन् ।

अस्पतालका प्रमुख कन्सल्टचान्ट डा. श्रीप्रसाद अधिकारीले बच्चालाई आमाको खुवाउनका लागि नै 'हयुमन मिल्क बैंक' स्थापना गरिएको बताए । 'नेपालमा आमाको दूध खान नपाएर रहेको बच्चा, आमाको दूध राम्रोसँग दूध तान्न नसक्ने बच्चालाई मिल्क बैंकमा जम्मा भएको दूध खुवाउने गरिन्छ ।

#### दैनिक ५५ सयसम्म संकलन

मिल्क बैंकमा पहिले दैनिक ३५० मिलिलिटर दूध जम्मा हुने गरेकामा अहिले दैनिक एक हजार ५०० मिलिलिटर जम्मा हुन थालेको अस्पतालले जनाएको छ। दैनिक बढ्दै गएर कहिलेकाहीँ दुई हजार ५०० मिलिलिटरसम्म दूध बैंकमा जम्मा हुने गरेको प्रमुख कन्सल्टचान्ट डा. अधिकारी बताउँछन् ।

उनका अनुसार एक आमाले एक दिनमा दुई पटकसम्म बैंकमा दूध जम्मा गर्ने गर्दछिन् । अस्पतालमा भर्ना भएकी अम्बिका बस्नेतले अहिलेसम्म सबैभन्दा बढी एकैचोटी दिनमा दुईपटक गरी १७० एमएल र १८० एमएल दिएको अस्पतालसँग तथ्यांक रहेको छ ।

एक बच्चालाई एक दिनमा न्यूनतम् ८० मिलिलिटरदेखि २४० मिलिलिटर दूध आवश्यक हुन्छ । दुई/दुई घण्टाका दरले बच्चालाई दूध खुवाइन्छ । बच्चालाई तौलअनुसार दूध खुवाउने डा. उपाध्याय बताउँछिन् । निर्मलीकरण गरिएको दूध माइनस २० डिग्री सेल्सियसमा राखिएकाले छ महिनासम्म बिग्रँदैन ।

निर्मलीकरण भनेको दूधमा रहेको पौष्टिक तत्त्वलाई नबिग्रने गरी अरु किटाणुलाई नष्ट गर्ने प्रक्रिया हो। बैंकमा जम्मा भएको दूधलाई ६२ डिग्री सेल्सियसमा तताइन्छ र उक्त तातेको दूधलाई चार डिग्रि सेल्सियसमा झारेर निर्मलीकरण गरिन्छ । निर्मलीकरण गरेपछि दूधमा रहेको किटाणु मरेर जान्छ र दूध खानयोग्य हुन्छ ।

निर्मलीकरण गरेपछि दूधमा किटाणु छ कि छैन भनेर परीक्षण गरिन्छ र किटाणु नभए बच्चालाई दूध खान दिइन्छ। उनले आफ्नै आमाको दूध बच्चालाई खुवाउने हो भने निर्मलीकरण आवश्यक नभएको बताइन् । अस्पतालले अहिले संकलन गरिएको दूध हप्तामा दुई पटक निर्मलीकरण गर्ने गरेको छ । अस्पतालसँग निर्मलीकरण गर्ने मेसिन रहेको छ ।

#### अझै अपुग दूध

बैंकमा पर्याप्तमात्रामा दूध दान नभएपछि अस्पतालमा भर्ना भएका सबै बच्चालाई दूध

> संकलन गरिएको दूध २४ घण्टासम्म सामान्य फ्रिजमा राख्ने गरिन्छ र त्यसपछि दूधलाई निर्मलीकरण गरेर मात्रै शिशुलाई खुवाइने गरिन्छ। निर्मलीकरण गरिएको दूध माइनस २० डिग्री सेल्सियसमा राखिएकाले छ महिनासम्म बिग्रँदैन। निर्मलीकरण भनेको दूधमा रहेको पौष्टिक तत्वलाई नबिग्रने गरी अरू किटाणुलाई नष्ट गर्ने प्रक्रिया हो। बैंकमा जम्मा भएको दूधलाई ६२ डिग्री सेल्सियसमा तताइन्छ र उक्त तातेको दूधलाई चार डिग्रि सेल्सियसमा झारेर निर्मलीकरण गरिन्छ।

गर्न परामर्श गर्ने गरेको बताए । 'तपाईंको बच्चाले दूध खाइसक्यो अब बाँकी भएको दूध त्यो अरु दूध नआउने आमाको बच्चालाई खुवाउनुपर्दछ भन्ने सिकाउँछौं । बच्चाको आमा दूध दान दिन तयार भएपछि मात्र भने दूध संकलन गरिन्छ,' उनले भने ।

उनका अनुसार पहिले पहिले तीन/चार जनाले दूध दान गर्ने गरेकामा अहिले त्यो संख्या आठसम्म पुगेको छ । उनले छ वटा इलेक्ट्रिक मेसिन र १२ वटा हातले दुहेर दूध संकलन गरिन्छ । दूध दिने आमामा कुनै रोग छ कि छैन भनेर परीक्षण गरेपछि मात्रै आमा स्वस्थ्य भएमा दूध दान गर्न सक्छिन् । **संकलन गरिएको दूध चिहन लगाई** डिपफ्रिजमा भण्डारण गरिन्छ। संकलन गरिएको दूधलाई पुलिङ, त्यसपछि निर्मलीकरण र परीक्षण, फेरि चिहन् लगाई डिपफ्रिजमा राखिन्छ। निर्मलीकरण गरिएको दूध खानायोग्य भएपछि चिकित्सकको परामर्शमा वितरण गरिन्छ। *रासस*

## पत्र–मञ्जुषा

### जनताको पैसा डुबाउने सहकारीलाई संरक्षण !

नयाँ सरकार आउनेबित्तिकै जनताले धेरै आशा गरेका थिए । बेथिति, महँगी, ठगी, भ्रष्टाचार र कालोबजारी बन्द होला भन्ने जनताको अपेक्षा थियो। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री नेतृत्वको सरकारमा गृहमन्त्री रवि लामिछाने छन् । देशमा भएको बेथिति रोक्नमा सबैभन्दा ठूलो हात गृहमन्त्रीको हुन्छ । बिचौलिया समात्ने, महँगी नियन्त्रण गर्ने, भ्रष्टाचार रोक्ने जिम्मेवारी गृहमन्त्रीको हो। प्रधानमन्त्रीले त गृहमन्त्रीले लगेको प्रस्ताव स्वीकृत गरिदिने मात्रै हो ।

तर, गृहमन्त्री लामिछानेले आफ्नो काम निष्ठापूर्वक निर्वाह गर्न सकेका छैनन् । पाइलैपिच्छे जनता ठगिएका छन्, बिचौलियाले लुट्नसम्म लुटेका छन् । यद्यपि, गृहमन्त्री लामिछानेले तिनलाई रोक्न केही योजना ल्याएका छैनन् । उनी निरीह भएर जनता लुटिएको तमासा हेरिरहेका छन् ।

महँगीले सीमा नाघिसकेको छ, त्यसमाथि पनि ठगीधन्दा ह्वात्तै मौलाएको छ । पहिले पनि ठगी त हुन्थ्यो तर अहिले सो क्रम अत्यन्तै बढेको छ । कसैले घरजग्गा सस्तोमा मिलाइदिन्छु भनेर ठग्ने । रोजगारीको आश्वासन दिएर पनि सर्वसाधारण ठग्ने गरिएको छ। विदेश जानेहरू पनि बिचौलियाबाट उत्तिकै लुटिरहेका थिए । पछिल्लो समय सबैभन्दा धेरै ठगीधन्दा सहकारीमा देखिएको छ । सहकारीले जनता लुट्नसम्म लुटेको छ। पाइलैपिच्छे सहकारीपीडित भेटिन थालेका छन् ।

सरकारी कार्यालयमा बिदा हुँदैन तर सहकारी प्रायःजसो ठप्प हुन्छ । सरकारी कार्यालयले सेवा दिइरहेको हुन्छ यता सहकारी बन्द हुन्छ। जसले गर्दा बचतकर्ताहरू आत्तिएका छन् । उनीहरू आफू डुब्यो भनेर तनावमा परेका छन्। सहकारीका सञ्चालकहरू भागीभागी हिँडेका छन् । कोही सम्पर्कमा आउँदैनन् । यता, कर्मचारी पनि लुकेर हिँडेका छन् । जसका कारण लाखौं सर्वसाधारण चिन्ताले पिरोलिएका छन् । अहिले सहकारीले नठगेको र नलुटेको घर नै भेटिँदैन ।

हरेक पसले सहकारीबाट पीडित छन् । उनीहरूको रामकहानी सुन्न सकिँदैन । बाटोमा बसेर साग, चटपटे बेच्नेदेखि चिया पसलेसम्मले सहकारीमा पैसा राखेका छन् । २० हजारदेखि तीन करोड रूपैयाँसम्म रकम राख्नेहरू भेटिन्छन् । कतिले जिन्दगीभर कमाएको पैसा सहकारीमा राखेका छन् त कतिपयले घरजग्गा बेचेर । सञ्चय कोष झिकेर ब्याजको लोभमा सहकारीमा पैसा राखेका छन् । सहकारीले जनताको पैसा लिएर भाग्दा गृहमन्त्री लामिछानेले त्यस्ता सञ्चालकको किन खोजतलास गर्दैनन् ?

जनता ठग्नेलाई समातेर कारबाहीको दायरामा ल्याउने काम त गृह मन्त्रालय मातहतमा पर्दछ । तर, गृहमन्त्री लामिछाने चुपचाप बस्दा जनतामा आशंका पैदा भएको छ । कतै उनले सहकारी सञ्चालकसँग मिलेर आर्थिक चलखेल त गरेका छैनन्? हरेक जनतामा उब्जिएको प्रश्न हो यो । सर्वसाधारण ठग्ने सहकारीका सञ्चालकलाई समातेर जेल हाल भनेर गृहमन्त्री लामिछानेले अहिलेसम्म प्रहरी प्रशासनलाई निर्देशन दिएका छैनन् ।

सहकारीमा समस्या देखिएको करिब एक वर्ष हुन लागिरहेको छ । तर, अझै पनि सरकार मौन बसेको छ । सहकारी सञ्चालकहरू दिन्छौं भन्छन् तर पैसा फिर्ता गर्दैनन् । कतिपय त भागिसकेका छन् । बाँकी भएकाहरूले पनि ब्याज दिन सकिरहेको अवस्था छैन । न साँवा पाएका छन् न ब्याज । बचतकर्ता त हेरेको हेर्‍यै भएका छन् । एक रूपैयाँ हातमा नपरेको गुनासो गर्छन् बचतकर्ता । आफ्नो लगानी जग्गामा भएको छ जग्गा फिर्ता हुनेबित्तिकै पैसा दिने ठोकुवा गर्दै आएका छन् ।

तर, जग्गमा लगानी छ कि छैन कसैलाई अत्तोपत्तो छैन । हिजो सहकारीमा लगेर बचतकर्ताले पैसा राख्दा नै सञ्चालकले विचार गर्नुपर्दैन ? सर्वसाधारणले गाडी, घरजग्गा र सेयरमा लगानी गर भनेर पैसा राखेका हुन् ? सहकारीले जता आफूलाई धेरै नाफा आउने देख्यो त्यतै लगानी गर्‍यो। हिजो पैसा लिने बेलामा जसरी लिएको थियो अहिले त्यसरी नै दिनुपर्‍यो। जग्गा बिक्री भएन त बचतकर्तासँग के सरोकार ?

सहकारीको साधारणसभामा गएर राजनीतिक दल र सहकारी विभागका पदाधिकारीहरूले अतिथि बनेर रिबन काटिरहेका छन् ।

दियो बालिरहेकै छन् । जनता ठग्ने सहकारीलाई कारबाही गर्नुको सट्टा ठग्नका लागि थप हौसला प्रदान गरिरहेका छन्। कतै सरकार र राजनीतिक दलको संरक्षणमा सहकारीले सर्वसाधारणको पैसा डुबाइदिएको त होइन ? यो प्रश्नको जवाफ सरोकारवालाले तत्काल दिनुपर्छ ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

फेटा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
फेटा, बारा
मधेश प्रदेश, नेपाल

### बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७९/०९/३०)

यस कार्यालय अन्तर्गत निम्न बमोजिमको कार्य बोलपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आव्हान गरिएको छ।

**शर्तहरुः**

१. बोलपत्र फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ नवीकरण भएको निर्माण व्यवसाय इजाजत पत्र, आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ।
२. बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट १२:०० बजे सम्म यस कार्यालयमा बोलपत्र दर्ता गराउन सकिनेछ। रीतपुर्वक समय भित्र प्राप्त बोलपत्र, सोही दिन दिनको २:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. बोलपत्र साथ ठेक्काको लागि तपसीलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको Global IME बैंक फेटामा रहेको धरौटी खाता नं **E 504010000005** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत सक्कलै पेश गर्नु पर्नेछ।
४. बोलपत्रमा दररेट उल्लेख गर्दा बील अफ क्वान्टिटी को प्रत्येक आईटम को अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ।
५. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ।
६. बोलपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
७. बोलपत्र पेश गर्दा खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा लगतै क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।
८. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयबाट बुझ्न सकिनेछ।
९. अन्य शर्तहरु प्रचलित ऐन तथा नियमावली बमोजिम हुनेछ।

**ठेक्का विवरण**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु (मु.अ.कर बाहेक) | जमानत रकम | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | PRM/05/079/080 | श्री अंचित मा.बि.को चार कोठे भवन निर्माण कार्य | ४९८३६९४.४२ | १,४५,०००.०० | ३०००.०० | |
| २. | PRM/06/079/080 | श्री ने.रा.प्र.बि. चिलझपट्टीको दुई कोठे भवन निर्माण कार्य | ३४९३९१८.३० | १,००,०००.०० | ३०००.०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

# मुख्यमन्त्री अधिकारीले पाए विश्वासको मत

कास्की (प्रस)- गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशसभामा विश्वासको मत पाएका छन्। साठी सदस्यीय प्रदेशसभामा विश्वासको मतका पक्षमा ३१ र विपक्षमा २७ मत खसेको थियो। मुख्यमन्त्री अधिकारीलाई विश्वासको मतसम्बन्धी प्रस्तावका पक्षमा नेकपा एमालेका २१, माओवादी केन्द्रका आठ र राप्रपाका दुई सांसदले मतदान गरेका थिए भने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका २७ सदस्यले विपक्षमा मतदान गरेका हुन्। एमालेबाटै निर्वाचित भएर सदनको अध्यक्षता गरेका मित्रलाल बस्यालले मतदान गरेनन् भने स्वतन्त्र सांसद राजीव गुरुङ बैठकमा अनुपस्थित रहे।

एमाले गण्डकी प्रदेश संसदीय दलका नेतासमेत रहेका अधिकारी गत पुस २५ गते मुख्यमन्त्री नियुक्त भएका थिए। अधिकारीले गठबन्धनका तर्फबाट ३३ जना सांसदको समर्थनसहित प्रदेश प्रमुख पृथ्वीमान गुरुङसमक्ष दाबी गरेपछि मुख्यमन्त्रीमा नियुक्त भएका थिए।

नेपाल सरकार
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलगंवा

### ३५ दिने सार्वजनिक सूचना

**जिल्ला सर्लाही साबिक गा.वि.स. पत्थरकोट वडा नं. ६ हिरापुर हाल लालबन्दी न. पा. वडा नं. ११ मा बस्ने जित बहादुर घताने कामी लाई हक दावी गर्न आउने बारेको सूचना।**

उपरोक्त सम्बन्धमा जि. स. साविक गा.वि.स. पत्थरकोट वडा नं. ८ हाल लालबन्दी न.पा. वडा न ११ मा बस्ने मौजेलाल महतोको छोरा श्री रामशरण महतोको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक गा.वि.स पत्थरकोट वडा ९, हाल लाबन्दी न.पा. वडा नं. ११ मा बस्ने **जित बहादुर घताने कामी**को नाम रहेकोमा **भगुवा मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा यस कार्यालयवाट मिति २०७९/०९/०८ गतेको आदेशानुसार जारी भएको हक दावी सम्बन्धी ३५ दिने यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **भगुवा मोही लगत कट्टा** तर्फको कारवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन।

**तपसिलः-**

| सि.नं. | जिल्ला | गा.वि.स. | वाडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा धनी | मोही |
|---|---|---|---|---|---|---|---|
| १ | सर्लाही | पत्थरकोट | ६(क) | ४५० | ०-०-१० | रामशरण महतो | जित बहादुर घताने कामी |

## बागमतीको सभामुखमा पाठक निर्वाचित

**मकवानपुर (प्रस)**- बागमती प्रदेशसभाको सभामुखमा भुवनकुमार पाठक निर्वाचित भएका छन्। प्रदेशसभामा शुक्रबार भएको मतदानमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का तर्फबाट उम्मेदवार बनेका पाठक सभामुख पदमा निर्वाचित भएका हुन्। उनले ६२ मत प्राप्त गरेका प्रदेशसभाका ज्येष्ठ सदस्य रामप्रसाद ढुंगानाले जानकारी दिए।

उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका शिवराज अधिकारीले ३६ मत प्राप्त गरेका थिए भने नेपाल मजदुर किसान पार्टी (नेमकिपा)की सिर्जना सैंजुले तीन मत प्राप्त गरेकी थिइन्। बैठकमा कूल ११० सदस्यमध्ये १०९ सदस्य उपस्थित रहेका थिए। नवनिर्वाचित सभामुख पाठकले शुक्रबार नै पद तथा गोपनीयताको शपथ लिएका छन्।

### "अमरगढी नगर कार्यपालिका" प्रस्तावक रही डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका वडा नं१, दुनेदुने क्षेत्रमा प्रस्तावित औद्योगिक ग्राम माम (Industrial Village) आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन बारे सात दिने सार्वजनिक सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/२६**

सुदूरपश्चिम प्रदेश अन्तर्गत डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. १, दुनदुने क्षेत्रमा श्री "अमरगढी नगर कार्यपालिका" प्रस्तावक रही औद्योगिक ग्राम (Industrial Village) निर्माण र संचालन प्रयोजनार्थ सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को अनुसूचीः २ को खण्ड (क) बुँदा नं. १२ को प्रावधान बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** अध्ययन गर्न लागिएको हुनाले प्रभाव क्षेत्रका स्थानीयवासी तथा सरोकारवालाबाट र ायसुझाव माग गरी यस सात दिने सूचना प्रकाशन गरिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको ब्यहोरा** | डडेल्धुरा जिल्ला अन्तर्गत अमरगढी नगरपालिका वडा नं. १, दुनदुने क्षेत्रको बुढाकाफल सामुदायिक वन क्षेत्रको ७७ रोपनी क्षेत्रफल (३.९२ हेक्टर) भित्र औद्योगिक ग्राम (Industrial Village) का संरचनाहरुः साना तथा मझौला उद्योग संचालन गर्न औद्योगिक ब्लक, व्यापारीक ब्लक, सर्भिस ब्लक, व्यवस्थापन ब्लक, प्रदर्शनी स्थल र पार्किङ्ग स्थल निर्माण गर्न प्रस्ताव गरिएको छ। यस आयोजना निर्माण गर्नुको मुख्य उद्देश्य औद्योगिक गतिविधीलाई बढवा गर्नुका साथै स्थानीय उत्पादनको व्यापारमा सहजिकरण तथा प्रोत्साशन गर्नु हो। |
| **आयोजना प्रभाव क्षेत्र** | अमरगढी नगरपालिका वडा नं. १, दुनदुने क्षेत्र (निर्माण कार्य हुने क्षेत्रबाट ५०० मि.), डडेल्धुरा |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणाली विच के कस्तो असर पर्छ भनी यकिन गर्न आयोजना स्थल वरपरको वडा कार्यालय तथा प्रस्तावित आयोजनासँग सम्बन्धित सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ अनुसूची ९ बमोजिम सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री अमरगढी नगर कार्यपालिकाको कार्यालय, तुफानडाँडा, डडेल्धुरा<br>ईमेल ठेगाना : **ito.amargadhimun@gmail.com**<br>फोन नं : ०९६-४१००२२ |
| **परामर्शदाताको नाम र ठेगाना** | के.एन.के. इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., काठमाण्डौं महानगरपालिका-३१, खरिबोट, काठमाण्डौं<br>ईमेल ठेगाना : **mahatsunil877@gmail.com**<br>फोन नं : +९७७-९८६१३४४२८५ |
| **स्थानीय तह** | अमरगढी नगरपालिका वडा नं. १ को कार्यालय, डडेल्धुरा |


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **QATAR POLYMER INDUSTRIAL COMPANY**

पूर्व स्वीकृति मिति : २०७९/०८/२५ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२९ LT. No.277419 चलानी नं. ६०१९३०२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanic | 2 | 0 | 1100 | ३९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ७ गते (21st Jan. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम ईजाजत नं. १४४/०५६/०५७
Chakrapath,maharajung , Ktm, Tel: 01-5910241,01-5910242
E-mail :info@dninepal.com.np Website : www.dninepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LULU HYPERMARKET TRADING CO,W.L.L**

पूर्व स्वीकृति मिति : २०७९/०९/२९ LT. No. 278938 चलानी नं. ६०१९४९७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Storage Labour | 100 | 0 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ७ गते (21st Jan. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
श्रम ईजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PEMBINAAN TONG TOR SDN.BHD**

पूर्व स्वीकृति मिति २०७९/०९/२१ LT. No. 278921 चलानी नं. ६०१९४८२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Engineers | 12 | 0 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ८ गते (22nd Jan. 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Jupiter Overseas Concern Pvt. Ltd.**
श्रम ईजाजत नं. ४७७/०६०/०६१
Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **VK SPARKLING SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०९/२९ LT. No. 279397 चलानी नं. ६०१९४९८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing & Cleaning Worker | 5 | 0 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ७ देखि ९ गते (21-23rd Jan. 2023) सम्म हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DELIVERY PLUS COMPANY TO DELIVER CONSUMER ORDERS**

पुर्व स्वीकृति मिति २०७९/०९/२९ LT. No. 279460 चलानी नं. ६०१९४९७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Grocery Distributer | 15 | 0 | 140 | ५९,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 90 | 0 | 140 | ५९,३३५ | | | | | | | |
| 3 | Reporter | 15 | 0 | 140 | ५९,३३५ | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

कम्पनी : **AL SHARQ EXPERTS FOUNDATION FOR MAINTENANCE AND CLEANING**

पुर्व स्वीकृति मिति २०७९/०९/२९ LT. No. 279462 चलानी नं. ६०१९४९७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Installation Fabricator | 1 | 0 | 1400 | ४८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ७ गते (21st Jan. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

# प्रभाव दैनिक

शनिबार, ३० पुस २०७९ (Saturday, January 14, 2023)


रूपशाला

## समालोचना सम्मान अनुवादक राकेशलाई



शब्दयात्रा प्रकाशनले 'शब्दयात्रा समालोचना सम्मान, २०७९' साहित्यकार तथा अनुवादक डा. रामदयाल राकेशलाई समर्पण गर्ने भएको छ । उनी नेपाली, हिन्दी, मैथिली र अंग्रेजी भाषाका समालोचक हुन् । समालोचना विधामा 'नेपाली कविता विभिन्न आयाम,' 'नेपाली साहित्य विभिन्न आयाम,' 'नेपाली समालोचना विभिन्न आयाम' जस्ता पुस्तक लेखी प्रकाशन गराउनाका साथै नेपाली र मैथिलीभाषी साहित्यलाई हिन्दी एवं अंग्रेजी भाषी पाठकसमक्ष प्रस्तुत गरेर विशिष्ट योगदान गरेका छन् । राकेशले नेपाली साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान समर्पण गर्ने निर्णय गरिएको प्रकाशनका अध्यक्ष हरि मञ्जुश्रीले जानकारी दिए । पुरस्कारको राशि पाँच हजार रूपैयाँ तथा दोसल्ला र सम्मानपत्र रहेको उनले बताए ।

# 'तिम्रो मेरो साथ' र 'गुञ्जन' एकसाथ प्रदर्शन







**काठमाडौं (प्रस)-** दुई नेपाली चलचित्र 'तिम्रो मेरो साथ' र 'गुञ्जन' एकसाथ प्रदर्शन भइरहेका छन् । केही समययता सातामा एकमात्र नेपाली चलचित्र प्रदर्शन भइरहेको थियो । यद्यपि, यो साता तिम्रो मेरो साथ र गुञ्जन प्रदर्शन गरिएको छ ।

प्रेमकथामा आधारित चलचित्र माघेसंक्रान्तिलाई लक्षित गर्दै प्रदर्शनमा आएको हो । साम्राज्ञी राज्यलक्ष्मी शाह, पुष्प खड्का र सन्दीप क्षेत्रीको मुख्य भूमिका रहेको 'तिम्रो मेरो साथ'ले चितवन प्रिमियरमार्फत सकारात्मक प्रतिक्रिया बटुलेको निर्मातासँगै निर्देशक रहेका रमेश एमके पौडेलले जानकारी दिए ।

'प्रेमकथालाई दर्शकले रूचाउनुभयो । निर्माताका रूपमा अन्य चलचित्रमा आबद्ध भए पनि निर्देशनमा डेब्यु गर्दा नयाँ अनुभव भइरहेको छ,' उनले भने । सवीर श्रेष्ठको कार्यकारी निर्माण र लेखन रहेको उक्त चलचित्रमा शिव ढकालले छायांकन, सुवास भुसाल/योगेश काजीको संगीत, रामजी लामिछानेको कोरियोग्राफी र भूपेन्द्र अधिकारीले सम्पादन गरेका छन् ।

यस्तै द्वन्द्व निर्देशकका रूपमा दुई दशकदेखि सक्रिय रहेका अष्टमान महर्जनले 'गुञ्जन'मार्फत चलचित्र निर्देशनमा डेब्यु गरेका छन् । 'मैले द्वन्द्वप्रधान चलचित्र बनाउँछु अपेक्षा धेरैमा थियो । यद्यपि, निर्देशक बन्दै गर्दा मैले राम्रो कथालाई रोजेको हुँ,' उनले भने । हीराकृष्ण शाहीको प्रस्तुति र सुनिता शाहीको निर्माणमा बनेको उक्त चलचित्रमा सारा सिर्पाली, कविर खड्का, प्रितमराज सेन्चुरी, सरोज खनाल, हिउँवाला गौतम, ऋचा थापा, रोहन शाही, निरुता स्याङतान, कञ्चन चालिसे, सुस्मिता बराल, इभा श्रेष्ठ, अमोद भट्ट, आइपी आचार्य, अमेश न्यौपानेलगायतले अभिनय गरेका छन् ।

चलचित्र गुञ्जनमा महेश दबाडीको लेखन, राजेश श्रेष्ठको छायांकन, कविराज गहतराजको नृत्य निर्देशन र विपीन मल्लको सम्पादन रहेको छ ।

# मोफसलमा बढ्यो फिल्मको व्यापार

■ प्रभाव संवाददाता

**काठमाडौं-** डिजिटल प्रविधिमा फिल्म निर्माण हुन थालेदेखि नेपालभर फिल्म एकसाथ प्रदर्शनमा गर्ने गरिन्छ । त्यसअगाडि उपत्यकाबाहिर मोफसलमा प्रदर्शन भएपश्चात् फिल्म काठमाडौं आइपुग्थ्यो । अवस्था फेरिएसँगै मोफसलमा हुने व्यापारसमेत बढेको छ । पोखरा, नारायणगढ, नेपालगञ्ज, बुटवललगायतका सहरमा फिल्मको व्यापारसँगै प्रचारप्रसार बढेको छ ।

प्रदर्शनका लागि तयार फिल्मले प्रायः मोफसल भ्रमण गरेको पाइन्छ । गत कात्तिकमा प्रदर्शन भएर ५१औं दिन मनाएको फिल्म 'महापुरुष'को चितवन र इटहरीमा प्रिमियरसमेत भयो । 'मोफसलमा दर्शक बढाउने हो भने प्रचारप्रसारअन्तर्गत हुने गतिविधि काठमाडौं केन्द्रित मात्र गर्न हुँदैन । त्यही कारण हामी मोफसलको हरेक सहरमा पुगेर दर्शकसँग प्रत्यक्ष रूपमा साक्षात्कार गरेका थियौं,' कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँले भने ।

हालै आफू निर्मित तथा निर्देशित फिल्म 'तिम्रो मेरो साथ' चितवनमा प्रिमियर गर्नुभएका रमेश एमके पौडेलले नेपालमै बजार खोज्न आवश्यक रहेको बताए । 'मोफसलमा वीरगञ्ज, मलंगवा, जनकपुरलगायत स्थानको बजारमा हामीले नेपाली फिल्मको बलियो उपस्थिति देखाउन बाँकी छ । त्यहाँ भोजपुरी फिल्मको दबदबा छ,' निर्देशक पौडेलले भने ।

मोफसल भ्रमणमै रहेका छाँयाकार तथा कार्यकारी निर्माता सुदीप बरालले काठमाडौं केन्द्रित प्रचारप्रसारले मोफसलमा नपुग्ने बताए । उनी आबद्ध फिल्म 'हचारी कि प्यारी'का कलाकार जीतु नेपाल, साम्राज्ञी आरएल शाह, विजय बराल र निर्देशक डा. कपिल रिजालले मोफसलमा हुने महोत्सव र पत्रकार सम्मेलनमा सहभागिता जनाउनेछन् ।

'हामी तयारी गरिरहेका छौं । आउँदो साताबाट प्रचारप्रसार सुरु गर्दैछौं । हाम्रो उपस्थितिले दर्शकलाई आफ्नोपन महसुस गराउँछ,' कार्यकारी निर्माता बरालले भने । वितरक करण श्रेष्ठले मोफसलमा राम्रो बाजार बन्न सक्ने बताए । 'हामीले राम्रोसँग प्रचारप्रसार गरे राम्रो व्यापार हुन्छ । किनकि, व्यापारमा रेकर्ड राख्ने फिल्मको कलेक्सनसमेत ग्रामीण भेगमा न्यून छ,' वितरक श्रेष्ठले भने ।


**Kedarsyun Rural Municipality**
**Office Of The Kedarsyun Rural Municipal Executive**
Deura, Bajhang
SudurPashchim Province, Nepal

**INVITATION BIDS FOR CONSTRUCTION OF PROJECTS**

***Date of publication:- 2079/09/29***

1. Kedarsyun Rural Municipality Office, DeuraBajhang has invited electronic bids on ***2079/09/29*** from Nepalese eligible bidders for the procurement of following works under National Competitive bidding process.

| Contract No. | Description of Work | Estimated Amount VAT & Contingencies | Bid Document fee NRs. | Bid Security NRs | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/Bajhang/ NCB/Work/05- 2079/080 | BagthalaSudada Dahasain Road ward no-6 | 90,60,633.88 | 3000.0 | 2,56,000.0 | 2079/10/29 (2023/02/12) (12:00 Non) |

2. The Bidders must submit their bid electronically through e-procurement section of PPMOs website **http://www.bolpatra.gov.np/egp,** the Bidder shall be required to deposite the non-refundable fee in the form of case deposite certificate in the Revenue Office code no: Office Account no: **07501400250009** of Nepal Investment Bank, Jhota Branch and electronic scanned copy (pdf format) of the Bank deposite voucher shall also be submitted along with electronic bid files.
3. Bid shall be accompanied by a bid security of an amount as shown in the above table. If bidder wishes to submit the Bid Security in the form of case, the case should be deposited in the following address or a bid bond issued by a bank approved by Nepal Rastra Bank valid beyond a month (30days) from bid validity period and submit the original receipt of the deposited amount of case along with the bid.
   Information to deposite Bid Security in Bank:
   Name of The Bank: **Nepal Investment Bank, JhotaBajhang.**
   Name of Office: **Kedarsyun Rural Municipal Executive, DeuraBajhang**
   Deposite Account No.: **075001400250153**
4. For more information about bidding process and bid documents, please visit **http://www.bolpatra.gov.np/egp,**

**Chief Administrative Officer**
**Kedarsyun Rural Municipality Office**
**Deura, Bajhang**


रंगशाला

# सन्दीप ९९ दिनपछि थुनामुक्त



■ प्रभाव संवाददाता

**काठमाडौं-** बलात्कार आरोप लागेका राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछाने केन्द्रीय कारागार सुन्धराबाट छुटेका छन् । उच्च अदालत पाटनको आदेशअनुसार उनी धरौटी बुझाएर शुक्रबार छुटेका हुन् ।

उच्च अदालतका न्यायाधीशद्वय रमेश ढकाल र ध्रुवराज नन्दको इजालसले बिहीबार लामिछानेलाई २० लाख रूपैयां धरौटीमा थुनामुक्त गर्न आदेश दिएको थियो । लामिछाने तीन महिना नौ दिन कारागारमा बसेर थुनामुक्त भएका हुन् ।

लामिछानेले जिल्ला अदालत काठमाडौंको थुनछेक आदेशविरुद्ध उच्च अदालत पाटनमा पुनरवलोकनको निवेदन दिएका थिए । उक्त निवेदनमाथिको सुनुवाइपछि अदालतले धरौटी लिएर थुनामुक्त गर्न आदेश गरेको हो ।

पाटन उच्च अदालतका रजिस्ट्रार ठगिन्द्र कट्टेलका अनुसार लामिछाने काठमाडौं उपत्यकाबाहिर जांदा जिल्ला प्रहरी कार्यालय काठमाडौंको अनुमति लिनुपर्नेछ भने पीडित परिवारलाई कुनै पनि माध्यमबाट सम्पर्क गर्न, डर, त्रास वा धम्की दिन नपाउने गरी थुनामुक्त गरिएको हो ।

गत कात्तिक १६ मा जिल्ला अदालत काठमाडौंमा लामिछानेविरुद्ध परेको मुद्दामा थुनछेक बहस सुरु भएको थियो । लामिछानेका कानुन व्यवसायीले किशोरी नाबालिग नरहेको जिकिर गर्दै आएका थिए । लामिछानेमाथि नाबालिग किशोरीलाई बलात्कार गरेको आरोपमा गत कात्तिक १४ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको थियो ।

सरकारी वकिल कार्यालयले दर्ता गरेको मुद्दामा लामिछानेलाई १० देखि १२ वर्षसम्म कैद सजाय हुनुपर्ने मागसमेत गरिएको थियो । लामिछानेले भने आफूविरुद्ध लागेको बलात्कार आरोप अस्वीकार गर्दै आफू निर्दोष रहेको र बलात्कार नगरेको बयान दिएका थिए । लामिछाने गत असोज २० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रक्राउ परेका थिए ।


**दार्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
फारुलाचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मितिः २०७९/०९/३०)**

दार्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट आ.व. २०७९/०८० स्वीकृत कार्यक्रम बमोजिम २०७९/०८/१६ गते विद्युतिय बोलपत्र खरिद प्रणाली र प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहाय वमोजिमका निर्माण कार्य खरिदका लागि बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु खोलि मूल्यांकनका लागि मूल्यांकन समितिमा पेश भएकोमा बोलपत्र मूल्यांकन समितिको सिफारिसको आधारमा देहाय बमोजिमका बोलपत्रदाताको कूल कवोल अंक न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ को बमोजिम सम्बन्धित सरोकारवालहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | ठेक्का कवोल गर्ने फर्मको नाम र ठेगाना | कूल कवोल अंक रु. (मु.अ.क. र पि.एस. वाहेक) |
|---|---|---|---|---|
| 1. | DRM/NCB/W/R/ 02/079/080 | Construction & upgrading of Bagkhor Jhyaribang Road | Janak Niman sew and suppliers, Kumakh.-0, Salyan. | 1,00,78,507.00 |
| 2. | DRM/NCB/W/ IR/01/079/080 | Sisneri-Tingaire-Ratikhola irrigation Project | Janak Niman sew and suppliers, Kumakh.-0, Salyan. | 32,67,447.00 |
| 3. | DRM/NCB/W/ EL/01/079/080 | Supply, Delivery, construction of 11 KV HT line and transformer installation at Darma rural municipality at different ward | Nahakuli Nirman Sewa, Khalanga, Jajarkot. | 49,46,421.00 |

**प्रमुख प्रशासकीय अधिकृत**
**दार्मा गाउँपालिका**


# त्रिभुवन आर्मी सेमिफाइनलमा

**काठमाडौं (प्रस)-** सातौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले सशस्त्र प्रहरी बल (एपिएफ)लाई पराजित गर्दै सेमिफाइनलमा पुगेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शुक्रबार भएको खेलमा आर्मीले समूहको अन्तिम खेलमा एपिएफलाई ३-२ को सेटमा पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको हो । यस खेलसँगै उक्त च्याम्पियनसिपअन्तर्गत महिलातर्फ खेलको सेमिफाइनल समीकरण पूरा भएको छ । खेलमा पहिलो सेट आर्मीले २५-२० ले जितेको थियो । तर दोस्रो र तेस्रो सेट एपिएफले क्रमशः २५-१९ र २५-१३ ले जितेको थियो । तर आर्मीले चौथो र पांचौ सेटमा क्रमशः २५-२२ र १५-५ को जित निकाल्दै आर्मी समूह विजेता बन्यो भने एफिएफ उपविजेता बन्यो ।

अब सेमिफाइनलमा आर्मीले न्यू डायमण्ड युथ स्पोर्टस क्लबको सामना गर्नेछ । त्यस्तै अर्को सेमिफाइनल खेलमा एपिएफ र नेपाल पुलिस क्लब भिड्ने छन् । दुवै सेमिफाइनल खेल आज (शनिबार) हुने छन् । च्याम्पियनसिपको महिला र पुरुषतर्फको विजेता टोलीले चार




लाख रूपैयाँ पाउनेछ भने उपविजेताले दुई लाख र तेस्रो हुने टोलीले एक लाख रूपैयाँ पाउने आयोजकले जानकारी दिएको छ ।

# बंगलादेशी प्रधानमन्त्री सम्मानित



**ढाका-** बंगलादेशकी प्रधानमन्त्री शेख हसिनालाई बिहीबार अन्तर्राष्ट्रिय मधुमेह महासंघ (आइडिएफ) को मधुमेहका लागि विश्वदूत (ग्लोबल एम्बेसडर)को पदक र प्रशंसापत्र प्रदान गरिएको छ ।

परराष्ट्रमन्त्री अब्दुल मोमेन र परराष्ट्र राज्यमन्त्री सहरियार आलमलगायत अन्य वरिष्ठ अधिकारीले हसिनालाई उक्त पदक एवं प्रशंसापत्र हस्तान्तरण गरेको राष्ट्रिय समाचार संस्था बिएसएसले जनाएको छ ।

हसिनालाई लिस्बनमा आयोजित आइडिएफ विश्व मधुमेह सम्मेलनको उद्घाटन समारोहमा मधुमेह र अन्य नसर्ने रोगका बिरामीलाई स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न उनले खेलेको भूमिकाको कदर गर्दै मधुमेहका लागि ग्लोबल एम्बेसडरको उपाधि प्रदान गरिएको बताइएको छ । *रासस/सिन्ह्वा*

# रूसद्वारा चीनको कोभिड-१९ नीतिको स्वागत

**मस्को-** रुसले सीमापार आवतजावत र मालसामान ढुवानीलगायतका विषयमा कोभिड-१९ नीतिलाई अनुकूलन गर्ने चीनको निर्णयलाई सकारात्मकरूपमा लिएको छ ।

रुसी विदेश मन्त्रालयले चीनलाई गतिशील, विकासशील मित्रराष्ट्र भन्दै दुई देशका बहुपक्षीय एवं व्यावहारिक सम्बन्धलाई थप सुदृढ र विविधीकरण गर्न इच्छुक रहेको उल्लेख गरेको छ ।

मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले आफ्नो साप्ताहिक ब्रिफिङमा चीनको आर्थिक विकासको सम्भाव्यताको समायोजनपछिको प्रश्नको जवाफ दिँदै भनेका छन्, 'हामी रुसी-चिनियाँ व्यापार र आर्थिक सहयोगको थप प्रगाढताका साथै हाम्रा देशका जनताबीचको समन्वयित विभिन्न विषयको आदानप्रदानको पुनः सुरुआत सुनिश्चित गर्न चाहान्छौं ।' *रासस/सिन्ह्वा*

# काबुल आतंकवादी हमलाको निन्दा

**वासिङ्टन-** संयुक्त राज्य अमेरिकाले बिहीबार अफगानिस्तानको राजधानी काबुलमा भएको पछिल्लो आक्रमणको कडा शब्दमा निन्दा गरेको छ । सो हमलाको आतंकवादी समूह इस्लामिक स्टेट- खोरासान प्रान्तले जिम्मा लिएको छ ।

'हामी काबुलमा भएको आतंकवादी हमलाको कडा शब्दमा निन्दा गर्दछौं सो हमलाको आइएसद्वारा जिम्मा लिएको पाइएको छ । यो आक्रमण क्रुर समूहको पछिल्लो भयानक उदाहरण हो । अफगानिस्तानका जनतामाथि संवेदनाहीन हिंसा हो,' अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले पत्रकार सम्मेलनमा बताएका छन् ।

'हामी यस मूर्खतापूर्ण आक्रमणमा मारिएका प्रियजनहरू र परिवारका सदस्यलाई हाम्रो गहिरो समवेदना पठाउँछौं । हामी आतंकको निन्दा गर्दछौं,' उनले भनेका छन् । बुधबार भएको विष्फोटमा पाँच जनाको मृत्यु हुनाका साथै अन्य थुप्रै घाइते भएको अफगानिस्तानको टोलो न्युजले जनाएको छ । घटनाको अन्तर्राष्ट्रियस्तरमा व्यापक आलोचना भएको छ ।

साथै, अफगानिस्तानमा संयुक्त राष्ट्र सहायता मिसनले पीडित परिवारप्रति समवेदना व्यक्त गर्दै अफगानिस्तानमा दिगो शान्ति ल्याउन हिंसा कुनै पनि समाधानको हिस्सा नभएको बताएको छ ।

सो घटनामा ४० जनाभन्दा बढी भएको र घाइतेहरूलाई काबुलको आपत्कालीन एनजिओ मानवीय संस्थाद्वारा सञ्चालित सर्जिकल सेन्टरमा ल्याइएको छ । अफगानिस्तानमा आपत्कालीन निर्देशकले मृत्यु हुनेको संख्या बढ्दै जानसक्ने बताएका छन् । 'मृतकको संख्या अझै बढिरहेको छ,' उनले भने । यो सन् २०२३ मा पहिलो सामूहिक हताहती हो । *रासस/एएनआई*


## बिमालेख हरायो

मिति २०७९/०१/०५ गते, चावहिलदेखि रत्नपार्क सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : नेहा खत्री
विमालेख नं : १०७००५१४४
(नेपाल लाईफ इन्स्योरेन्स क.लि.)
ठेगाना : काठमाडौं
सम्पर्क नं : ४१६९१२९, ४१६९१३०

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ABED A. AL-HABASHI CONT. CO GENERAL CONT

पूर्व स्वीकृति मिति २०७९/०९/२९ | LT. No.279497 | चलानी नं. ६०१९४९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 40 | 0 | 1000 | ३४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ABED A. AL-HABASHI CONT. CO GENERAL CONT

पूर्व स्वीकृति मिति २०७९/०९/२९ | LT. No.279499 | चलानी नं. ६०१९४९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1000 | ३४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ७ गते (21st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950, Email: nocnepal@nassers.org

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAL FACE F&B SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०९/२८ | LT. No. 279387 | चलानी नं. ६०१९४९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 2 | 0 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ७ गते (21st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Nepal Recruitment Consultancy Pvt. Ltd.**
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHAMIRA FAURIAH RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 279383 | चलानी नं. ६०१९५०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 1 | 0 | 1000 | ३४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Utensil Cleaner | 1 | 0 | 1000 | ३४,४३५ | | | | | | | |

कम्पनी : SASS DEVELOPMENT CONTRACTING COMPANY BRANCH

पूर्व स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 279465 | चलानी नं. ६०१९४९९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 3 | 0 | 1000 | ३४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ७ गते (21st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Target Consultant Human Resources Pvt. Ltd.**
TARGET — श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : QAND AL SHARQ GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०९/१२ | LT. No. 279431 | चलानी नं. ६०१९४९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 1 | 0 | 1400 | ४८,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

कम्पनी : G-FORCE SECURITY SERVICE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 278486 | चलानी नं. ६०१९४९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 38 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


यो विज्ञापन LT No. 279431/278486 मिति: २०७९/०९/२९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Al Amal Overseas Pvt. Ltd.**
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JABAL ARAFAT SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२८ | LT. No. 275392 | चलानी नं. ६०१९१०४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 30 | 0 | 1200 | ४२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ६ देखि १० गते (20-24th Jan. 2023) सम्म हुनेछ ।
दमक-७, फागुनन्द चोक, झापा मा मिति: २०७९ माघ ६ देखि १० गते (20-24th Jan. 2023) सम्म हुनेछ ।
दमकको लागि सम्पर्क: ०२-३५८३३५४, सुक बहादुर लिम्बु: ९८१६११३५४२

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


यो विज्ञापन LT No. 275392 मिति: २०७९/०९/२९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Al Asar International Pvt.Ltd.**
Govt. License 1373/074/75
Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144, +9774594145, Mob No.: 9801305656 , 9801836652, 9801233962, 9801056652
Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BADUH AL SHARQ CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०७९/०४/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२९ | LT. No.267552 | चलानी नं. ६०१८३६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 1 | 0 | 1000 | ३४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ७ गते (21st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले   सेवा शुल्क: निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**AL TAAZ INTERNATIONAL PVT.LTD.**
श्रम ईजाजत नं. १२५१/०७४/०७५
Shreetole - Basundhara Kathmandu, Tel: +977 -1- 5905101 / 5905102,
Mob No. 9801147207, 9801147204, 9801147203, 9803215045, 9823236262, 9851140620, 9819247297, 9823402131
E-mail: altaaznepal@gmail.com, Website www.altaazintl.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CREATIVE WINGS CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०७९/०६/०६ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/२८ | LT. No. :272407 | चलानी नं. ६०१८८१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spray Painting Worker | 1 | 0 | 1300 | ४५,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


यो विज्ञापन LT No. 272407 मिति: २०७९/०९/२९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com


## Aandhikhola Rural Municipality
## Office of the Rural Municipal Executive

**Krishi, Syangja**
**Gandaki Province, Nepal**

### NOTICE FOR THE LETTER OF INTENT

**(First Publication Date: 14th of January, 2023)**

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: ***ANDH-W-NCB-BLDG-05-079-80,*** as per the Invitation for Bids published in the national daily newspaper **" Prabhab National Daily"** on **9th of November, 2022**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price Nrs. (Including P.S. and VAT) |
|---|---|---|
| ***ANDH-W-NCB-BLDG-05-079-80,*** *Shree Janapradip secondary school hostel building Construction Work* | SUNDAR NIRMAN SEWA, DEURALI-04, KASKI | 3,73,02,293.24 |


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०३९०० | प्रति तोला - १०३४०० | प्रति तोला - १३६५ |



**तरुलको व्यापार** | माघे संक्रान्ति नजिकिएसँगै झापाको दमक चोकमा बिक्रीका लागि राखिएको तरुल । *तस्बिरः यज्ञराज आङ्देम्बे/रासस*

# थप ३७ विद्युतीय बस सञ्चालन गर्ने साझाको तयारी

■ **सञ्चिता घिमिरे**

**काठमाडौं-** गत असारमा तीन विद्युतीय बस सञ्चालन सुरु गरेको साझा यातायात सहकारी संस्थाले थप ३७ बस सञ्चालनका लागि तयारी अघि बढाएको छ । गत महिना काठमाडौं आइपुगेका साझाका विद्युतीय बस सञ्चालनका लागि जाँच भइरहेको संस्थाले जनाएको छ ।

छ महिना पहिलेदेखि तीन बस सञ्चालनमा रहेको र अहिले आइपुगेका ३७ बस सञ्चालनका लागि जाँचका क्रममा रहेको साझा यातायातका प्रमुख कार्यकारी अधिकृत महेन्द्रराज पाण्डेयले बताए । जाँच सकाएर त्यसको प्रतिवेदन आएपछि दर्ता गरिने उनले बताए । उनले भने, 'परीक्षण सकाएर दर्ता गर्न अब केही समय लाग्नसक्छ ।'

बस सञ्चालनका लागि बाटो इजाजतपत्र लिनुपर्ने हुन्छ । रुट निर्धारण गर्दा सकेसम्म हाल कम संख्यामा बस भएका रुटमा राखिने उनले बताए । साझा यातायातका पेट्रोलियम र विद्युतीय सबै बसहरूमा सरकारले तोकेबमोजिम भाडादर रहेको छ ।

अहिले आएका सबै सहरी बस (सिटी बस) रहेको र यी काठमाडौं उपत्यकाभित्रै सञ्चालन हुने संस्थाले जनाएको छ । पहिले ल्याइएका बस र अहिले आएका बसको लम्बाइ, चौडाइ क्षमता सबै उस्तै रहेको उनले बताए । उनले भने, 'पहिले परीक्षणका लागि ल्याइएकामा अहिले थप ल्याइएको हो । यी बसहरूमा २६ सिट रहेको र क्षमता प्रतिघण्टा १६१ किलोवाट रहेको छ, बस एकपटक पूरै चार्ज गर्दा २०० किलोमिटर चल्ने छन् ।'

अरू सामान्य बसभन्दा विद्युतीय बस होचो र सानो हुँदा अपांगतामैत्रीसमेत रहेका छन् । होचो (लो-फ्लोर) रहेकाले अपांगता भएका व्यक्ति उक्लिन र ओर्लन सजिलो हुन्छ । बसभित्र ह्विलचेयर राख्नका लागि पनि स्थान राखिएको छ । मोबाइल चार्ज गर्ने ठाउँ, गन्तव्यका बारेमा जानकारी दिने र अरू सूचना देखिने गरी बोर्डको व्यवस्था गरिएको छ ।

हाल सञ्चालनमा रहेका साझाका तीन विद्युतीय बस सञ्चालनका हिसाबले ठीक नै रहेको पाण्डेयले बताए । उनले भने, 'यसबारे अन्तिम रिपोर्ट निकालेको नभए पनि अरू समस्या देखिएको छैन ।' ती बसहरू हाल दुई माछापोखरी-बालाजु-सोह्रखुट्टे हुँदै




जमल-पुरानो बसपार्क-माइतीघर-नयाँबानेश्वर-तीनकुने-सिनामंगल-एयरपोर्टको रुटमा र एक लगनखेल-जावलाखेल-कुपण्डोल हुँदै त्रिपुरेश्वर-नेपाल वायुसेवा निगम-लैनचौर-शिक्षण अस्पताल-नारायण गोपालचोक-बाँसबारी-बूढानीलकण्ठ रुटमा सञ्चालन भइरहेका छन् ।

विद्युतीय बस पेट्रोलियम बसका तुलनामा होचो हुने भएकाले खाल्डाखुल्डी भएको सडकमा गाह्रो हुने हुँदा कालोपत्र सडकमा गुडाइने उनले बताए । सञ्चालनमा रहेका बसजस्तै नयाँ आउने बस खाल्डा नभएको सडकमा गुडाइने उनले बताए । विगतदेखि नै स्थानीय तहसँगको समन्वयमा बस खरिद र सञ्चालन गर्दै आएको भए पनि तत्कालका लागि आएका बस सञ्चालन गर्नेलाई नै प्राथमिकता दिएको पाण्डेयले बताए । प्रदेश र स्थानीय सरकारसँगको समन्वयमा आगामी दिनमा अघि बढाइने उनले बताए ।

संघीय सरकारसँगको समन्वयमा थप बस खरिद गर्नुपर्नेमा बाँकीका लागि प्रक्रिया अघि बढाइने उनले बताए । काठमाडौं आइपुगेका बसका बारेमा विश्लेषण गरेर अर्को चरणमा ४०/५० वटा आउनसक्ने उनले जानकारी दिए । उनले भने, 'दोस्रो चरणमा बस किन्न यो वर्ष प्रक्रिया अघि बढ्नसक्छ ।'

हाल सञ्चालनमा रहेका बसका लागि साझाको एउटा र नेपाल विद्युत् प्राधिकरणको एउटा गरी दुई चार्जिङ स्टेसन रहेका छन् । अबका थप दुई/तीनवटा जडान हुने गरी प्राधिकरणसँग छलफल भइरहेको पाण्डेयले बताए । उनले भने, 'प्राधिकरणको चार्जिङ स्टेसन साझा यातायातलाई लक्षित गरेर चाँडो बनाइनेछ ।'

सरकारले साढे तीन वर्ष पहिले तीन अर्ब रूपैयाँको सेयर खरिद गरेपछि सोही रकमबाट विद्युतीय बस खरिद गरिएको थियो । बस चीनको सिएचटिसी किनिवङ (नानजिन) अटो मोबाइल कम्पनी लिमिटेडले तयार गरेको हो । पेट्रोलियम पदार्थका सवारीसाधनजस्तो वातावरण प्रदूषण नगर्ने बसमा ध्वनिको प्रदूषण पनि अरूभन्दा कम रहेको छ । बसमा थकाइ (भाइब्रेसन) पनि कम रहन्छ ।

हाल खरिद भएका बस पाँच वर्षसम्म मर्मत गर्ने निर्माता कम्पनीसँगको सम्झौतामा उल्लेख छ । सम्झौताअनुसार साझाले ४० विद्युतीय बस र २० चार्जरका लागि ३७ लाख ३८ हजार ५५० अमेरिकी डलर तथा आवश्यक तालिम र पाँच वर्षको मर्मतसम्भार तथा स्पेयर पार्टका लागि नेपाली छ करोड ७३ लाख ६५ हजार ५५३ रूपैयाँ प्रदान गर्नेछ ।

साझा यातायातले गत चैतमा आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्रअनुसार नौ कम्पनीले बुझाएको बोलपत्रको मूल्यांकन गरेर सबै प्राविधिक 'स्पेसिफिकेसन' मिलेको र कम मूल्य कबोल गरेको सिएचटिसी किनिवङ (नानजिन) अटो मोबाइल कम्पनी लिमिटेडको प्रस्ताव स्वीकृत गरिएको हो ।

सार्वजनिक यातायातको विद्युतीकरणले एकातिर आयातीत खनिज इन्धनको बढ्दो प्रयोगलाई स्वदेशी नवीकरणीय ऊर्जाले प्रतिस्थापन गरेर देशको अर्थतन्त्रलाई टेवा दिने बताइएको छ । अर्कोतिर वायु प्रदूषण कम गरी वातावरण र जनस्वास्थ्यलाई समेत फाइदा पुग्ने अपेक्षा गरिएको छ ।

सरकारले २०७५ पुसमा विद्युतीय बस खरिद गर्ने निर्णय गरेको र २०७६ असार ३१ मा बस खरिदको जिम्मेवारी साझा यातायातलाई दिने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बस खरिदका लागि साझाको तीन अर्ब रूपैयाँको सेयर खरिद गरेको थियो । संस्थाले 'स्पेसिफिकेसन' फरक भएको भन्दै रकम फिर्ता गरेको १६ महिनापछि पुनः संस्थालाई नै जिम्मेवारी दिएको थियो ।

साझासँग हाल डिजेलबाट चल्ने ७१ बस रहेकामा चार उपत्यकाबाहिर र बाँकी उपत्यकामा सञ्चालनमा रहेका छन् । उपत्यकामा निजी कम्पनीहरूले समेत विद्युतीय बस सञ्चालन गरिरहेका छन् । *रासस*

# हस्तकलाको सीप पुस्तान्तरण गर्न सरकारको सहयोग हुन्छ : प्रधानमन्त्री

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** नेपालकाठमाडौं- प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाली हस्तकलाको मौलिक सीपलाई पुस्तान्तरणका लागि सरकारको तर्फबाट सहयोग रहने बताएका छन् । नेपालको मौलिक सीपका रूपमा रहेको हस्तकला सीप आगामी पुस्तामा नजाने हो कि भन्ने चिन्ता व्यक्त भइरहेको बेला प्रधानमन्त्रीले पुस्तान्तरणका लागि सरकारकातर्फबाट आवश्यक सहयोग रहने बताएका हुन् ।

शुक्रबार नेपाल हस्तकला महासंघको ४२औं साधारणसभाको उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले हस्तकला उद्योगलाई सातवटै प्रदेशमा विस्तार गर्ने उल्लेख गरे । प्रधानमन्त्रीले हस्तकला क्षेत्र नेपालको मौलिक क्षेत्र भएकाले यसलाई थप विस्तार गर्दै आर्थिक विकासका लागि सहजीकरण गरिने बताए ।

'हस्तकला क्षेत्र नेपालका लागि अग्र्यानिक क्षेत्र छ । यो असीमित सम्भावना भएको क्षेत्र हो,' प्रधानमन्त्री दाहालले भने, 'यो क्षेत्रलाई राम्रोसँग विकास गर्न सकियो भने व्यापार घाटा कम गर्दै नेपाली मौलिकतालाई विश्वभर प्रचार र विस्तार गर्न सकिन्छ । यसैले सरकार हस्तकला उद्योगलाई सातवटै प्रदेशमा विस्तार गर्न प्रतिबद्ध छ ।'

प्रधानमन्त्रीले निजी क्षेत्रसँगको साझेदारीमा हस्तकला उद्योग प्रवर्द्धन गर्नुपर्ने बताए । उनले भने, 'निजी क्षेत्रलाई विश्वासमा नलिइकन, निजी क्षेत्रसँगको साझेदारीविना समृद्धिको लक्ष्यमा अपेक्षित सफलता हासिल गर्न सकिँदैन । मैले मन्त्रिपरिषद्को पहिलो बैठकबाट नै आर्थिक विकास र समृद्धिका लागि केही कदम चालेको छु । सरकारका सचिवहरूलाई दिएको निर्देशन र संसद्को सम्बोधनमा पनि




त्यो कुरा प्रस्ट राखेको छु ।' 'यसपटक कुनै पनि नराम्रो काम नगर्ने र अरूलाई पनि गर्न नदिनेमा म प्रतिबद्ध छु । यसपटक जति काम गर्छु, राम्रो मात्र गर्छु,' प्रधानमन्त्री दाहालले भने, 'म तेस्रोपटक प्रधानमन्त्री भएको छु । यो मेरा लागि परीक्षा पनि हो । म परीक्षामा उत्तीर्ण हुन्छु, हुनैपर्छ ।'

उनले निर्वाचनले आफूहरूलाई मिलेर जाने जनमत दिएको भन्दै कसैलाई पनि अहंकार गर्ने अभिमत जनताले नदिएको स्पष्ट पारे । इमान्दार भएर जनताको पक्षमा राम्रो काम नगरे परीक्षामा पास हुन नसकिने उनले बताए । हस्तकला व्यवसाय प्रवर्द्धनका निम्ति पाठ्यक्रममै केही विषय राख्नु राम्रो हुने प्रधानमन्त्रीले बताए । उनले भने, 'हस्तकला उद्योगमा पुस्तान्तरणको समस्या छ भन्ने मलाई थाहा छ । यसलाई अर्को पुस्तामा हस्तान्तरण गर्ने पहल हामीले लिनुपर्छ । यसकारण पाठ्यक्रममा नै हस्तकला उद्योगका विषय राख्ने माग सकारात्मक छ, म पहल गर्छु ।'

साधारणसभामा महासंघका अध्यक्ष प्रचण्ड शाक्यले हस्तकलाको क्षेत्रलाई प्रवर्द्धन गर्न सक्दा नेपाली मौलिकताका वस्तु निर्यात गर्न सकिनेमा जोड दिँदै हस्तकलाको क्षेत्र सरकारको प्राथमिकतामा पर्नुपर्नेमा जोड दिए ।

# निक्षेपको ब्याजदर घटाउने सहमति सकारात्मक

**काठमाडौं (प्रस)-** नेपाल उद्योग परिसंघले निक्षेपको ब्याजदर घटाउने बैंकर्स एसोसिएसनको सहमति सकारात्मक भएको जनाएको छ ।

परिसंघले बिहीबार विज्ञप्ति जारी गरी अर्थतन्त्रमा लगानीयोग्य पुँजीको अभाव, निस्क्रिय कर्जामा भइरहेको तीव्र वृद्धि, उच्च ब्याजदरलगायत कारणले निजी क्षेत्रको मनोबल खस्किएको बेलामा निक्षेपको ब्याजदर घटाउने नेपाल बैंकर्स एसोसिएसनको सहमति सकारात्मक भएको जनाएको हो ।

मागमा आएको संकुचन, उच्च ब्याजदरका कारण लगानी महँगो हुँदा नयाँ लगानीका योजना स्थगन भइरहेको अवस्थामा उक्त सहमति हुनु खुसीको कुरा भएको परिसंघले उल्लेख गरेको छ । 'परिसंघले निजी क्षेत्रको खस्किएको मनोबल उकास्न, अर्थतन्त्रलाई गति प्रदान गर्न ब्याजदर घटाउनुपर्ने जोड दिँदै आएको छ, उक्त निर्णय चुनौतीपूर्ण अवस्थामा रहेको अर्थतन्त्रलाई पुनः लयमा फर्काउन सहयोगी हुने हाम्रो विश्वास छ,' विज्ञप्तिमा उल्लेख छ ।

कर्जाको ब्याजदर घट्दा उद्योग व्यवसायमा लगानी विस्तार हुने र उद्योगी व्यवसायीको खस्किएको मनोबल उकास्न सहयोगी हुने परिसंघले विश्वास लिएको छ । ब्याजदर घटेपछि लगानीकर्ताले आफ्नो लगानी विस्तारको योजनालाई फेरि अगाडि बढाउने र समग्र मागमा वृद्धि आउने हुँदा अर्थतन्त्र चलायमान हुने परिसंघले जनाएको छ । मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत थप तरलता प्रवाह बढाउने, उद्योग क्षेत्रमा जाने कर्जामा आधार दरमा दुई प्रतिशतभन्दा अधिक प्रिमियम जोड्न नपाउनेगरी नीतिगत सुधार गर्न नेपाल राष्ट्र बैंकसमक्ष परिसंघले आग्रहसमेत गरेको छ ।

# आइपिओ जारी गर्दै सोलार फार्म

**काठमाडौं (प्रस)-** सोलार फार्म लिमिटेडले आयोजना प्रभावित तथा सर्वसाधारणका लागि साधारण सेयर (आइपिओ) जारी गर्ने भएको छ । कम्पनीले प्रतिसेयर १०० रूपैयाँ अंकित दरको २० लाख कित्ता साधारण सेयर आयोजना प्रभावित क्षेत्रका स्थानीयवासी तथा सर्वसाधारणका लागि निष्काशन गर्न लागेको हो ।

आइपिओ निष्काशनका लागि कम्पनीले कुमारी क्यापिटल लिमिटेडलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ । यससम्बन्धी सम्झौतामा दुवै कम्पनीले हस्ताक्षर गरेका छन् । सम्झौतापत्रमा सोलार फार्म लिमिटेडका सञ्चालक समिति अध्यक्ष आषबहादुर गुरुङ (मोहन) र कुमारी क्यापिटलका का.मु. प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरे ।

सोलार फार्म लिमिटेडको अधिकृत पुँजी ६५ करोड रूपैयाँ, जारी पुँजी ६५ करोड र चुक्ता पुँजी ४५ करोड रूपैयाँ रहेको छ । नेपालको पहिलो सोलरबाट विद्युत् उत्पादन गर्ने संस्थाको रूपमा सन् २०१७ मा स्थापना भएको हो । सोलार फार्मले २०२१ सेप्टेम्बर १४ देखि पाँच मेगावाट क्षमताको सोलारबाट व्यावसायिकरूपमा विद्युत् उत्पादन गर्दै आएको छ । यो आयोजना तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेल चौतारामा सञ्चालित छ ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ